पार्टीले गरेका कामको बारेमा जनतालाई... पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ | •अंक १०६ | • २०८० साल भाद्र १७ गते आइतबार (3 September, Sunday, 2023) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

# दिनहुँ धाउँदा पनि न्याय नपाएको मिटरब्याजी पीडितको दुखेसो

बखतियार अलि

मलंगवा। नेपाल सरकारको निर्णय अनुसार अनुचित लेनदेन अर्थात मिटर ब्याजीबाट पीडित भएका चन्द्रनगर गाउँपालिकाका स्थानीय पीडितहरु न्यायका लागि जिल्ला प्रशासन कार्यालय (सीडीओ अफिस)सर्लाहीमा मिटर ब्याजी विरुद्ध निवेदन दिएको महिनौं भइसक्दा पनि सरोकारवाला निकायले सुनुवाई नगरेको दुखेसो पोख्न थालेका छन्।

जिल्ला प्रशासनमा दर्ता गराएको उजुरीको आधारमा पीडित र पीडक पक्षबीच छलफलका लागि दिइएको समयमा आफूहरु उपस्थित हुँदै आए पनि पीडक मिटर ब्याजीहरु भने विभिन्न बहाना बनाएर एकपटक पनि उपस्थित नभएको उनीहरुको दुखेसो छ।

प्रशासनले पटक-पटक दिएको समयमा आफूहरु उपस्थित हुँदा पनि पीडक पक्षलाई छलफलका लागि नबोलाइएको उनीहरुले आरोप लगाएका छन्।

पीडक पक्षलाई छलफलका लागि नबोलाउँदा पीडितहरु थप मारमा परिरहेको उनीहरुको कथन छ। दिनहुँ सदरमुकाम धाउँदा खर्च बढ्ने र दिनभरि सीडीओ अफिसमा कुरेर साँझ निराश भएर फर्किने गरेको पीडितहरुले पीडा पोखेका छन्।

जिल्लाकै कबिलासी नगरपालिका वडा न-८ अगर्वा घरभइ हाल सदरमुकाम मलंगवामा बस्दै आएका बिकाउ राय यादवसँग लिएको ऋण चुक्ता गरिसक्दा पनि तमसुक र जग्गा फिर्ता नगरेको चन्द्रनगर गाउँपालिकाका दुई दर्जन भन्दा बढी स्थानीयले आरोप लगाउँदै जिप्रकामा उजुरी दर्ता गराएका छन्।

जबर्जस्ती तमसुक बनाएर दोब्बर तेब्बर रकम ब्याजको नाममा असुल्ने गरेको र जमानतको रुपमा राखेको जग्गा पनि फिर्ता गर्न नमानेको भन्दै राय उपर निवेदन दर्ता गराएको चन्द्रनगर गापा वडा न-७ का पीडित विजय भगतले बताए।

निवेदन दिएको केही दिन पछि मिटर ब्याजी यादवलाई पहिलोपटक छलफलको लागि सीडीओ कार्यालयमा बोलाउँदा उनी नआए पछि पुनः दोस्रो पटक समय निर्धारण गरेर बोलाउँदा पनि उनी नआएको भगतले जनाए।

'तेस्रो,चौथोपटक गरी हालसम्म बोलाउँदा पनि उनी हाजिर भएका छैनन्' भगतले भने, अनुचित लेनदेन सम्बन्धी मुद्दा हेर्दै आएका सहायक प्रमुख जिल्ला अधिकारी समक्ष गुनासो लिएर पुगेपछि प्रहरी प्रशासनको सहयोगमा उपस्थित गराउने दिएको वचन पनि पूरा भएको छैन्।




पीडितलाई न्याय दिलाउने भन्दै गृह मन्त्रालयले आदेश गरे पनि सीडीओ कार्यालयले पहुँचवाला व्यक्तिको मात्र कुरा सुन्ने गरेको तर आफूहरू जस्ता गरिब र निमुखा पीडितहरुलाई छलफलको नाममा समय मात्र दिएर झुक्याउने एउटा नाटक मात्रै रचेको पीडितहरू बताउँछन्।

'मिटर ब्याजी बिकाउले आफूहरूसँग जबर्जस्ती पैसा माग्न नयाँ नयाँ किसिमका तौरतरिका अपनाउन लागेका छन्' उनले भने, दिनहुँ धम्की दिने र ऋण चुक्ता गर्न भनिरहेका छन्।

> सिडिओ कार्यालयले पनि पहुँचवाला र बोल्ने मानिसहरुको मुद्दामा मात्र छलफल चलाउने गरेको छ । तर गरिब र निमुखा पीडितहरु भने जिल्ला प्रशासन कार्यालयको मुख्य गेटबाट समेत प्रवेश गर्न पाइरहेका छैनन् ।

चन्द्रनगर वडा न-७ का दिलीप कुमार रायका अनुसार बुवाले बिकाउसँग २३ कठ्ठा जग्गा धितो राखेर ऋण लिएका थिए। सो बापत २०७६ सालमा चेक द्वारा ७ लाख त्यसपछि २०७७ सालमा २ लाख त्यसपछि विभिन्न समयमा गरी ८ लाख, ७ लाख र १८ हजार रुपैया बुझाइसकेका छन्।

तर पनि यादवले मैले पैसा नपाएको भन्दै जग्गा फिर्ता गर्न नमानेको उनले बताए । जग्गा फिर्ता गरिदिन भन्दै बिकाउको घरमा पटकपटक धाउँदा पनि फिर्ता गर्न नमानेपछि बाध्य भएर मिटर ब्याजीको मुद्दा दिएको दिलीपले बताए।

'जमानतमा राखिएको जग्गा ऋण चुक्ता गरिसके पनि फिर्ता गर्नुको साटो लुकाइछिपाइ आफ्नो श्रीमती सीता देवी यादवको नाममा पास गरिसकेकाले न्याय पाउने आश नै मेटिएको छ' गहभरि आँशु झार्दै उनले भने, सीडीओ अफिसबाट न्याय पाउने आश पनि अब समाप्त हुन थालेको छ।

बिकाउबाट ऋण लिने अन्य पीडितहरुको पीडापनि दिलीप जस्तै छ । उनीहरुले पनि सावाँ व्याज बापत जम्मै रकम तिरिसकेपनि बक्यौता नै रहेको भन्दै मिटर ब्याजी बिकाउ आफूहरुको घरमा पुगिरहने, मान्छे लगाएर घरका सदस्यहरुलाई कुटपिट गर्ने, पैसा नतिरे प्रहरी लगाएर थुन्न लगाउने जस्ता धम्की दिने गरेको दुखेसो पोखेका छन्।

चन्द्रनगर-७ कै एक पीडित वृद्धा असिया यादवको पनि गुनासो उस्तै छ। छोराले मिटर ब्याजी बिकाउबाट लिएको ऋण मेहनत मजदुरी गरेर कमाएको पैसाबाट तिरिसकेको भएपनि धितो बापत राखेको जग्गाको लालपुर्जा दिन आनाकानी गरिरहेको बताइन।

'जग्गा फिर्ता माग्न जाँदा पैसा तिरेको छैनस् पहिला पैसा तिर अनि मात्र जग्गा फिर्ता पाउँछस् भन्दै धम्की दिइरहेका छन्' उनले भनिन् ,असुली गर्ने बहानामा कयौंपटक घरमै आएर बिकाउले बिरामी अवस्थाको श्रीमान ,छोरा ,बुहारी लगायत घरका अन्य सदस्यहरुलाई निर्घात कुटपिट गरेका छन्।

उनीहरू त प्रतिनिधि पात्रहरु मात्र हुन। यसरी मिटर ब्याजको जालोमा चन्द्रनगर लगायत सर्लाही जिल्लाका सयौं पीडितहरू मुद्दा दिएर पनि न्यायको आशामा सिडिओ कार्यालय धाइरहेका छन्।

सिडिओ कार्यालयले पनि पहुँचवाला र बोल्ने मानिसहरुको मुद्दामा मात्र छलफल चलाउने गरेको छ । तर गरिब र निमुखा पीडितहरु भने जिल्ला प्रशासन कार्यालयको मुख्य गेटबाट समेत प्रवेश गर्न पाइरहेका छैनन्।

सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले पीडकलाई अनिवार्य उपस्थितिका लागि बिहीबारको समय दिएको बताए।'जिल्लामा हाल झण्डै साढे ५ सय उजुरी छलफलबाट टुंगिएको छ ' उनले भने, राजनीतिक दबाब, अदालतको आदेशले पनि काममा केही ढिलाइ हुन थालेको छ।

# तीन दिन भित्र रकम भुक्तानी गर्ने रेल्वे र पम्पबीच सहमति

टुडे समाचारदाता

जनकपुरधाम। नेपाल रेल्वे कम्पनी र जनकपुरधामका भी आयलबीच तीन दिन भित्र बाँकी भुक्तानी गर्ने सहमति भएपछि पम्पले तेल उपलब्ध गराएको छ।

गत साउन १ देखि भदौ १५ गते सम्म गरी कुल २६ लाख ३४ हजार भन्दा बढी रकम बक्यौता रहेका कारण भदौ १५ गते सम्म भुक्तानी नगरे तेल नदिने चेतावनी पेट्रोल पम्पले दिएको थियो।

नेपाल रेल्वेमा हाल महाप्रबन्धक छैनन्। भदौ २ गते कार्यकाल समाप्त भएपछि निरन्जन झा हटेका छन्। सरकारले उनैलाई अथवा अर्कालाई नियुक्ति गरिसकेको छैन्।

आर्थिक कारोबार गर्ने अधिकार महाप्रबन्धककै रहेकाले अर्को महाप्रबन्धक नआउञ्जेल पम्पलाई रकम भुक्तानी गर्न नसक्ने भनिएपछि भी आयलले तेल दिन असमर्थता जनाएको थियो।

भी आयलका सञ्चालक बजरंग साहले भने-'शनिवार नेपाल रेल्वेका कर्मचारी आएर तीन दिनको समय माग गरेपछि सधै भरि काम भइरहने भएकाले तीन दिन तेल दिन सहमत भएको बताए।

रेल्वेका कर्मचारीहरु दुई दिन भित्र महाप्रवन्धक आइ सक्ने भएकाले भुक्तानी गरिदिने प्रतिवद्धता जाहेर गरेपछि आफूहरुले रेल्वेलाई तेल दिन तयार भएको सञ्चालक साहले बताए।

रेललाई दैनिक ४ सय लिटर डिजेल खपत हुने गरेको छ। नेपाल रेल्वे आफ्नो ट्यांकर लिएर भी आयलबाट दैनिक डिजेल ल्याउने गरेको छ।

आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस

हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौं।

लक्षणहरु

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



रोकथामका उपायहरु

भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ। त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौं।

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने।

भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन। यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ। स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं।

गणेशमान चारनाथ नगरपालिका
विरेन्द्रबजार, धनुषा, मधेश प्रदेश, नेपाल

'जनमन सँ जनजन धरि'
रेडियो टुडे
९१ मेगाहर्ज
रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ मनोरञ्जन ल क
निरन्तर १८ घण्टा
अहाँक संग
सुझाव आ प्रतिकृयाकऽलेल
०४१-५२७५९१, ५२३८६७
भिन्सर ५ बजे सँ राति ११ बजे धरि

# कृत्रिम खुट्टा जडान सुरु

महोत्तरी । बर्दिबास-१ स्थित बर्दिबास सेवा समितिको भवनमा 'कृत्रिम खुट्टा जडान कार्य' सुरु भएको छ । रोटरी क्लब अफ बर्दिबासको आयोजनामा शनिवारदेखि सुरु भएको अभियानमा विभिन्न घटनामा खुट्टा गुमाएका व्यक्तिलाई कृतिम खुट्टा जडान गर्न लागिएको हो ।

विभिन्न घटनामा खुट्टा गुमाएकाले कृतिम खुट्टाको सहारामा हिँडडुल गराउने उद्देश्यले अभियान सञ्चालन गरिएको क्लबका अध्यक्ष कृष्णप्रसाद गौतमले जानकारी दिनुभयो । "कार्यक्रमबारे तालिका बनाउँदा १० दिन अभियान सञ्चालन गर्ने योजना बनाएका थियौँ", उहाँले भन्नुभयो, "अहिलेसम्म ९० भन्दा बढीले नाम दर्ता गराइसक्नु भएकाले केही दिन अभियान लम्बिने भयो ।"

अभियानका क्रममा सम्पर्कमा आउने सबै बिरामीलाई सेवा दिने क्लबले जनाएको छ । अध्यक्ष गौतमका अनुसार भारतस्थित जयपुरका दक्ष प्राविधिकले बनाएका कृतिम खुट्टा सेवाग्राहीलाई जडान गरिनेछ । यस अभियानमा रोटरी क्लब अफ वीरगञ्जले समेत साथ दिएको उहाँको भनाइ थियो । यस कार्यका लागि चार बङ्गलादेशी र दुई नेपालीसहित छ प्राविधिक रहेका अध्यक्ष गौतमले जानकारी दिनुभयो ।

"एक जनाको खुट्टा जडानका लागि दुई प्राविधिकलाई कम्तीमा छ घण्टा लाग्छ", बङ्गलादेशी प्राविधिक टोलीका प्रमुख नजमुल हसनले भन्नुभयो, "एक दिनमा तीनदेखि पाँच जनासम्मको जडान गर्न सकिन्छ ।"

शिविरमा मधेश प्रदेशका आठ जिल्ला सेवाग्राही, सोलुखुम्बु, पाँचथर, काठमाण्डु, दाङका साथै भारतीयबाट समेत आएका आयोजकले जनाएको छ । शिविरमा कृतिम हात पनि जडान गरिने जनाउँदै अध्यक्ष गौतमले कृतिम हातभने सीमित मात्र रहेको बताउनुभयो ।

"हात १२ जनालाई मात्र दिनसक्ने भएका छौँ । खुट्टाचाँही आएजति सबैलाई दिन्छौँ", उहाँले भन्नुभयो, "अहिले खुट्टाका लागि ९० जनाको नाम दर्ता भएको छ । भदौ २५ सम्म सम्पर्कमा आउने सबैलाई सेवा दिनेछौँ ।" रासस

# सामाजिक सुरक्षामा नेपालको फड्को

काठमाण्डु । सरकारले अनौपचारिक श्रमिक तथा स्वरोजगार व्यक्तिलाई सामाजिक सुरक्षाको प्रत्याभूति गराउन सामाजिक सुरक्षा योजना सञ्चालनमा ल्याएको छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ । संविधानले निर्दिष्ट गरेको सामाजिक सुरक्षाको हक कार्यान्वयनका क्रममा सरकारले अनौपचारिक श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिका लागि लक्षित गर्दै सामाजिक सुरक्षा योजना सञ्चालनमा ल्याएको हो ।

सामाजिक सुरक्षा कोषले गत साउन ३१ गतेदेखि अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा सहभागी गराउन थालेको छ । औपचारिक क्षेत्रका श्रमिक र वैदेशिक रोजगारीमा रहेका व्यक्ति यसअघि नै सामाजिक सुरक्षाको दायरामा आइसकेका छन् । नेपालमा क्रियाशील ट्रेड युनियनले लामो समयदेखि अनौपचारिक क्षेत्रका श्रमिकका लागि सामाजिक सुरुक्षा योजना सञ्चालन गर्न माग गर्दै आएका थिए ।

नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष योगेन्द्र कुँवर ढिलै भए पनि अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षामा सहभागी गराइनु सुखद् भएको बताउनुहुन्छ । "सङ्गठित क्षेत्रमा काम गर्दै आएका श्रमिकले कुनै न कुनै रुपमा सामाजिक सुरक्षाबापत उपदान, पेन्सनलगायत सुविधा पाइरहेका थिए", उहाँले भन्नुभयो, "अनौपचारिक क्षेत्रका श्रमिक सामाजिक सुरक्षाबाट वञ्चित थिए । अब उनीहरु पनि सामाजिक सुरक्षामा सहभागी हुने बाटो खुलेको छ ।"


यद्यपि, सो योजना कार्यान्वयनमा सरकारको स्पष्ट प्रतिबद्धता नहुँदा संशय पैदा भएको उहाँको भनाइ छ । "५० लाखभन्दा बढी अनौपचारिक क्षेत्रका श्रमिकको तर्फबाट योगदान गर्नुपर्ने रकमका सम्बन्धमा सरकारको प्रतिबद्धता आएको छैन", उहाँले भन्नुभयो, "उक्त योजनाको सफल कार्यान्वयनका लागि नीतिगत र कार्यक्रमगत तयारी आवश्यक छ ।" योजना कार्यान्वयनमा आएसँगै कृषि, यातायात, निर्माण वा घरेलु कामदार सामाजिक सुरक्षाबाट लाभान्वित हुनेछन् ।

योजनाको शुभारम्भ गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकारी करार र ज्यालादारीमा रहेका श्रमिकलाई चरणबद्धरुपमा कोषमा आबद्ध गराउने कार्य सुरु गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । उहाँले अनौपचारिक क्षेत्रका श्रमिकका हकमा राज्यको सह-योगदानलाई कार्यान्वयनमा ल्याउने विषयमा सरकार गम्भीर रहेको बताउनुभएको थियो ।

पछिल्लो समय सामाजिक सुरक्षा नागरिकको नैसर्गिक अधिकार बनेको छ । आर्थिकरुपमा सम्पन्न मुलुकले लामो समयदेखि नै सामाजिक सुरक्षा योजना सञ्चालन गरिरहेका छन् । नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउने सन्दर्भमा दक्षिण एसियाली मुलुकका तुलनामा नेपाल अग्रणी स्थानमा रहेको सरकारी अधिकारीको भनाइ छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालका सहसचिव डण्डुराज घिमिरे भारत, बङ्गलादेशको तुलनामा नेपाल सामाजिक सुरक्षा योजना कार्यान्वयनमा अगाडि रहेको बताउनुहुन्छ । भारतले भर्खरै मात्र एक प्रतिशत सामाजिक सुरक्षा कर उठाउन थालेको छ । "हामी त्यसभन्दा धेरै माथि उठेर औपचारिक, अनौपचारिक, स्वरोजगार र वैदेशिक रोजगार क्षेत्रमा रहेको श्रमिकलाई योजनामा समेट्न थालेका छौँ", उहाँले भन्नुभयो । कोषले सञ्चालन गरेको सामाजिक सुरक्षा योजना पनि विकसित मुलुककै हाराहारीमा रहेको सरकारी भनाइ छ ।

हालसम्म सात लाख ४९ हजार नौ सय ४५ श्रमिक सामाजिक सुरक्षा योजनामा समेटिएका छन् ।



बिहीबारसम्म औपचारिक क्षेत्रका चार लाख ४० हजार एक सय ६१ र वैदेशिक क्षेत्रका तीन लाख नौ हजार सात सय ६५ श्रमिक योजनामा आबद्ध भएको कोषले जनाएको छ । कोषले हालसम्म योगदानकर्तालाई विभिन्न सुविधा योजनाअन्तर्गत पाँच अर्ब ६४ करोड दाबी भुक्तानी गरेको छ । कोषबाट ९७ हजार आठ सय १५ योगदानकर्ताले विभिन्न सुविधा लिएका छन् । हालसम्म रु ४० अर्ब ६५ करोड योगदान सङ्कलन भएको छ ।

सामाजिक सुरक्षा योजनामा सहभागी हुन अनौपचारिक क्षेत्रका श्रमिकले नेपाल सरकारले तोकेको आधारभूत पारिश्रमिकको २० दशमवल ३७ रकम र स्वरोजगारमा रहेका व्यक्तिले ३१ प्रतिशत रकम योगदान गर्नुपर्ने कोषका प्रवक्ता विवेक पन्थीले जानकारी दिनुभयो । अनौपचारिक श्रमिकका तर्फबाट योगदान रकमको ११ प्रतिशत सम्बन्धित व्यक्ति र बाँकी सरकारकातर्फबाट ९ दशमवल ३७ प्रतिशत जम्मा हुनेछ । सरकारकातर्फबाट जम्मा गरिने रकम सङ्घ, प्रदेश वा स्थानीय तहले जम्मा गरिदिने वा त्यस्तो रकम योगदनकर्ता आफैँले जम्मा गर्न सक्नेछन् ।

सरकारले चालु आर्थिक वर्षदेखि श्रमिकको न्यूनतम पारिश्रमिक १७ हजार तीन सय तोकेको छ । जसमा आधारभूत पारिश्रमिक १० हजार आठ सय २० र महँगी भत्ता छ हजार चार सय ८० तोकिएको छ । त्यस्ता श्रमिकले आधारभूत पारिश्रमिको २० दशमलव ३७ प्रतिशत आफैँ जम्मा गर्नसक्ने व्यवस्था अनौपचारिक र स्वरोजगार क्षेत्र सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९ मा व्यवस्था गरिएको छ ।

कोषले अनौपचारिक श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिका लागि औषधोपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना तथा अशक्तता, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गर्नेछ । उक्त योजनामा सहभागी श्रमिकले तोकिएको अस्पतालमा वार्षिक एक लाखको औषधोपचार सुविधा प्राप्त गर्नेछन् । बिरामी हुँदा वा सुत्केरी भएको अवस्थामा आधारभूत पारिश्रमिकको ६० प्रतिशत रकम, जुनसकै कारणबाट दुर्घटना हुँदा रु सात लाख उपचार खर्च र अशक्तता भएको अवस्थामा आधारभूत पारिश्रमिकको ६० प्रतिशत रकम पाउनेछन् ।

कोषले प्रदान गर्ने औषधोपचार, दुर्घटना तथा आश्रित परिवार सुविधा प्राप्त गर्न योगदानकर्ताले कम्तीमा नौ महिना तथा वृद्धावस्थाबापतको सुविधा प्राप्त गर्न ६० वर्ष उमेर पुगेको र कम्तीमा एक सय ८० महिना योगदान गरेको हुनुपर्नेछ । अनौपचारिक श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिले कोषमा आवेदन दिएर सो योजनामा सहभागी हुन सक्नेछन् । आवेदनका लागि स्वरोजगारमा रहेका व्यक्तिले नागरिकताको प्रतिलिपि, व्यवसाय दर्ता गरेको भए प्रमाणपत्र, वडा कार्यालयको सिफारिस, आफूले मासिकरुपमा गर्ने योगदान रकम, प्यान वा कर दर्ता प्रमाणपत्र, सम्पर्क नम्बर पेस गर्नुपर्नेछ ।

अनौपचारिक क्षेत्रका श्रमिकले नागरिकताको प्रतिलिपि, आफूले श्रम गर्ने गरेको क्षेत्र (कृषि, यातायात, निर्माण वा घरेलु कामदार), वडा कार्यालयले निज अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक रहेको भनी गरेको सिफारिसपत्र पेस गर्नुपर्ने कार्यविधिमा उल्लेख छ ।

कोषले सो योजनालाई स्थानीय तहसँगको समन्वयमा अगाडि बढाउने तयारी गरेको छ । उक्त योजनामा श्रमिकको सहभागिता वृद्धि गर्न स्थानीय तहसँग छलफल भइरहेको प्रवक्ता पन्थीले जानकारी दिनुभयो । कोषले अनौपचारिक श्रमिक तथा स्वरोजगार व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा सहभागी गराउन स्याङ्जाको फेदीखोला र मकवानपुरको भीमफेदी गाउँपालिकासँग सम्झौता गरेको छ ।रासस

# देशभर भव्यताका साथ सुरु भयो माओवादीको रुपान्तरण अभियान

काठमाण्डु । झन्डै २५ लाख जनतासँग प्रत्यक्ष संवाद गर्ने लक्ष्यका साथ सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले आजदेखि जनतासँग माओवादी रुपान्तरण अभियान सुरु गरेको छ । सो अभियानको उद्घाटन पार्टी अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले आज बिहान पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडाबाट गर्नुभयो ।

यस्तै औपचारिक कार्यक्रमका लागि अध्यक्ष प्रचण्ड आजै चन्द्रागिरिस्थित वडा नं २ मा रहेको घट्टेडाँडा पार्कमा पुग्नुभयो । गत स्थानीय तहको निर्वाचनमा माओवादी केन्द्रले चन्द्रागिरि नगरपालिकाको वडा नं २ मा प्यानलसहितै विजयी भएको थियो । माओवादीले सात प्रदेशका सात सय ५३ वटै पालिकाका छ हजार सात सय ४३ वडामा नै शनिवार अभियानको उद्घाटन भएको जनाएको छ ।

जनताको घरदैलोमा पुग्ने र आफ्ना एजेन्डा बताउने लक्ष्यका साथ अभियान सुरु गरिएको माओवादीका नेताहरूले बताएका छन् । अभियानका क्रममा विकास निर्माणका काम पनि भएका छन् । कतै सफाइ अभियान चलेको छ । कतै रक्तदान त कतै सहिद परिवारलाई सम्मान गरिएको छ ।

सडक मर्मत गर्ने, स्थानीयसँग अन्तर्क्रिया एवं पार्क सफाइ गर्ने कामसमेत अभियानको क्रममा सुरु भएको छ । यस्तै सरकारले गरेको भ्रष्टाचार नियन्त्रण र सुशासनको पक्षमा गरेको काम कारबाहीलाई जनताको बीचमा लैजाने माओवादीको ध्येय छ ।

माओवादीले पहिलोपटक फरक कार्यक्षेत्रमा आफ्ना नेता तथा कार्यकर्ता परिचालन गरेको छ । त्यसबाट स्थानीयस्तरमा भएको कमी-कमजोरी सुधार्ने तथा नयाँ ढङ्गले सङ्गठनको विस्तार हुने केन्द्रको विश्वास छ । माओवादीका हरेकजसो नेता अभियानमा खटिएका छन् । यसबाट जनतामा नयाँ खालको सम्बन्ध विकास हुने र त्यसले आगामी दिनमा पार्टी विस्तार गर्न सहयोग पुग्ने अपेक्षा लिइएको छ ।



अभियानको उद्घाटन गर्दै प्रधानमन्त्री प्रचण्डले नेपाली जनतामा भरोसा जगाउन र सिङ्गो पार्टीपङ्क्तिमा उत्साहको सञ्चार गराउन आफूले सुशासनको पक्षमा भ्रष्टाचारविरोधी अभियान चलाउनुपरेको बताउनुभयो ।

घट्टेडाँडा पार्कमा अध्यक्ष प्रचण्डलगायतका शीर्षनेतालाई स्थानीयवासीले पञ्चेबाजा बजाएर स्वागत गरेका थिए । पार्कमा उहाँले बिरुवासमेत रोप्नुभएको थियो । गत केन्द्रीय समितिको बैठकले गरेको निर्णयानुसार नै सात प्रदेशका सातवटा वडामा अध्यक्ष प्रचण्ड आफैँ अभियानमा सहभागी हुने कार्यक्रम छ ।

प्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष दाहालले प्रतिक्रियावादीहरूले अहिले पनि सत्तारुढ गठबन्धन फुटाउनका लागि आफ्नो भ्रष्टाचारविरोधी अभियानबारे भ्रम फैलाउने प्रयास गरिरहेको उल्लेख गर्नुभयो । आफूले यसपटक देश र जनताको पक्षमा केही न केही गर्ने लक्ष्यका साथ काम सुरु गरेको जानकारी दिँदै उहाँले भन्नुभयो, "यो पटक नयाँ सङ्कल्पका साथ प्रधानमन्त्री शपथग्रहणपछि नयाँ अभियानको थालनी आफैँले गरेँ, भ्रष्टाचारविरुद्ध सुशासनको अभियान । यो एउटा महाअभियान हो । यो एउटा ठूलो अभियान हो । यो एउटा नयाँ क्रान्ति हो । यो नयाँ प्रकारको जनयुद्ध नै हो ।"

उहाँले भन्नुभयो, "विगतमा जनयुद्धमा हामीलाई घेरा हाल्ने र सखाप पार्ने हिजोको सामन्ती राजा-महाराजाका सपना थिए । अहिले अनेक किसिमले हाम्रो गठबन्धन फुटाउन सरकारले सुरुआत गरेको सुशासन र भ्रष्टाचारविरोधी अभियानलाई भ्रमित पार्न अनेक कुचेष्टा भएको छ ।"

प्रधानमन्त्री दाहालले आफूले सुरुआत गरेको भ्रष्टाचारविरोधी अभियानलाई पनि नयाँ खालको जनयुद्धको रूपमा लिनुपर्ने दाबी गर्नुभयो । अभियानकै क्रममा प्रधानमन्त्री प्रचण्डले नागढुङ्गा-सिस्नेरी सुरुङमार्गका आयोजना प्रमुखलाई फोन गरी तत्काल स्थानीयवासीको माग सम्बोधन गर्न निर्देशन दिनुभयो ।

स्थानीयले सुरुङ निर्माणको क्रममा घर तथा आवास चर्केको, पानीको मुहान सुकेको भन्दै समस्या समाधान गरिदिन प्रधानमन्त्रीसमक्ष माग गरेका थिए । स्थानीयको माग सम्बोधन गर्दै प्रधानमन्त्रीले सात दिनभित्र आवश्यक विवरण तयार पारेर आफूलाई भेट्नसमेत प्रधानमन्त्रीले निर्देशन दिनुभयो ।

**कुन नेता कहाँ ?**

पार्टीका वरिष्ठ उपाध्यक्ष तथा उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ ललितपुरको सैँबुमा आयोजित कार्यक्रममा सहभागी हुनुभयो । उपाध्यक्ष कृष्णबहादुर महरा सुनछहरी गाउँपालिका जेलवाङ रोल्पा, उपाध्यक्ष अग्निप्रसाद सापकोटा लिसन्कुपाखर-३ सिन्धुपाल्चोक, उपाध्यक्ष पम्फा भुसाल ललितपुर महानगरपालिका-२२ मा अभियानको नेतृत्व गर्दै सहभागी हुनुभयो ।

माओवादीका अनुसार महासचिव देवप्रसाद गुरुङ सुन्दरबजार नगरपालिका-८ भोटेओडार, उपमहासचिव गिरिराजमणि पोखरेल गोकर्णेश्वर नगरपालिका-४ काठमाडौँ, उपमहासचिव वर्षमान पुन कामनपा-१६ गोङ्गबु, उपमहासचिव हरिबोल गजुरेल कमलामाई नगरपालिका सिन्धुली, उपमहासचिव जनार्दन शर्मा चन्द्रागिरि नगरपालिका-२ काठमाडौँमा सहभागी हुनुभयो ।

यस्तै उपमहासचिव शक्तिबहादुर बस्नेत भेरी नगरपालिका-१ जाजरकोट, उपमहासचिव मातृकाप्रसाद यादव वीरेन्द्रनगर नगरपालिका-१ सुर्खेत, सचिव दीनानाथ शर्मा बागलुङ नगरपालिका-१२ बाग्लुङ, सचिव चक्रपाणि खनाल विराटनगर महानगरपालिका-१८ मोरङ, सचिव देवेन्द्र पौडेल पोखरा महानगरपालिका-२० कास्की, सचिव लीलामणि पोखरेल बर्दिबास नगरपालिका महोत्तरी, सचिव गणेश साह काठमाडौँ महानगरपालिका-१० मध्यबानेश्वर काठमाडौँमा अभियानको नेतृत्व गर्नुभयो ।

यसैगरी सचिव हितमान शाक्य सिस्ने गाउँपालिका-६ रुकुमपूर्व, सचिव हितराज पाण्डे पालुङटार नगरपालिका-६ गोरखा, सचिव डिलाराम आचार्य धनगढी उपमहानगरपालिका-१६ कैलाली, सचिव सुरेन्द्रकुमार कार्की बुद्धशान्ति गाउँपालिका-४ झापा र कोषाध्यक्ष श्रीराम ढकाल भने चन्द्रागिरि नगरपालिका-२ मा नै सहभागी हुनुभयो । माओवादीले यसपटक सबै पदाधिकारीलाई अभियानको नेतृत्व गर्ने गरी कार्यक्षेत्र निर्धारण गरेको छ ।

अभियानको उद्घाटन गर्दै वरिष्ठ उपाध्यक्ष श्रेष्ठले अभियानका मुलभूतरूपमा पाँचवटा कार्यभार रहेको चर्चा गर्दै राष्ट्रिय स्वाधिनता, अखण्डता र राष्ट्रिय सुरक्षालाई बलियो बनाउनु रहेको बताउनुभयो । उहाँले सङ्घर्षपछि प्राप्त उपलब्धिको रक्षा गर्नु, परिवर्तनपछिको उपलब्धि अपहरण र प्रहार गर्ने षड्यन्त्र भइरहेकाले त्यसका विरुद्ध जनतालाई गोलबन्द गर्नु रहेको अभियानको अर्को कार्यभार रहेको बताउनुभयो ।

यसैगरी राजनीतिक परिवर्तनबाट प्राप्त उपलब्धिबाट सामाजिक-आर्थिक रुपान्तरण गर्नु, नागरिकको जीवनमा देखिने गरी परिवर्तन गर्नु, जनताले अपेक्षा गरेअनुसार उपलब्धि भएन, सुखी जीवनयापनका लागि तीव्रगतिमा विकासका कार्य अगाडि बढाउनु तथा देशमै श्रम र रोजगारीको सुनिश्चित गर्नु अभियानको अर्को ध्येय रहेको उहाँको भनाइ छ ।

शान्ति प्रक्रियालाई पूर्णता दिँदै सङ्क्रमणकालीन न्याय पूरा गर्नु, सत्यनिरुपण तथा बेपत्ता छानविन आयोगका काम पूरा गर्नु तथा समाजवादको आधार तयार गरी समाजवादी नेपाल निर्माण गर्नका लागि जनमत तयार पार्नु अभियानको अर्को महत्त्वपूर्ण कर्तव्य भएको उहाँको भनाइ छ ।

बागमती प्रदेशका इन्चार्जसमेत रहनुभएका उपमहासचिव शर्माले जनताले चाहेको अधिकार, जनमुखी शासन प्रणाली र भ्रष्टाचारबाट मुक्त समाज निर्णाण गर्न रुपान्तरण अभियान चलाइएको बताउनुभयो । चन्द्रागिरिको घट्टेडाँडामा आयोजित समारोहलाईसम्बोधन गर्दैउहाँले 'जनताकोसुख-दुःखको साथी माओवादी हुनैपर्ने उल्लेख गर्नुभयो ।

उहाँले रुपान्तरित हुनका लागि माओवादी जनताको घरदैलोमा आएको बताउनुभयो । गोङ्गबुमा आयोजित अभियानको उद्घाटन गर्दै अर्का उपमहासचिव वर्षमान पुनले वर्तमान सरकारले देश र जनताको पक्षमा इमान्दार भएर काम गरिरहेको बताउनुभयो । उहाँले भ्रष्टाचारमा दोषी देखिए माओवादीका नेता तथा कार्यकर्तालाई पनि कारबाहीको दायरामा ल्याउनैपर्ने उल्लेख गर्नुभयो ।

उपमहासचिव पुनले माओवादीभित्र कोही भ्रष्टाचार र राज्य दोहनमा संलग्न भएको देखिए कसैले उन्मुक्ति नपाउने दोहोर्याउनुभयो । राष्ट्रिय र आत्मनिर्भर पुँजी निर्माण गर्ने राष्ट्रप्रेम तथा देशभक्तिको भावना भएका युवाहरूलाई तयार गर्ने अभियान पनि भएको उहाँको कथन छ । देशव्यापीरूपमा जनतासँग जोडिने लक्ष्यका साथ सुरु भएको अभियानले माओवादीलाई पुनःस्थापित गर्ने नेताहरूको भनाइ छ । रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : वाद विवादबाट बच्नु । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| बृश्चिक | : धन बृद्धि सञ्चय । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# गौ रक्षाका लागि शान्ति र्‍याली

**टुडे समाचारदाता**

बारा । जीतपुरसिमरा उपमहानगरपालिकाको जीतपुरमा गौ हत्याको विरोध तथा रक्षाका लागि शान्ति र्‍याली निकालिएको छ । गौ हत्या बन्द गर, हिन्दू राष्ट्र कायम गर लगायतका नारासहित जीतपुरको शान्ति टोल खेल मैदानबाट गौ रक्षा बृहत्त शान्ति र्‍याली निकालिएको छ । जीतपुरको नगरपालिका लाईन हुँदै जीतपुर नगर परिक्रमा गरी शान्ति टोल मैदानमा पुगेर कोण सभामा परिणत भएको थियो ।




सभामा हिन्दू धर्मका अगुवाहरुले गाई मारेर खानु कानुन विपरीत हुनुका साथै संस्कृति र परम्पराको विपरीत रहेको बताएका थिए । उनीहरुले गौ वध गर्नेहरु कहिल्यै हिन्दू हुन नसक्ने भन्दै सरकारले त्यस्ता व्यक्तिलाई कडा कारबाही गर्नुपर्नेमा जोड दिएका थिए । त्यस्तै उनीहरुले धरानमा गाई काटेर खाएको भिडियो सार्वजनिक भए पनि सरकारले हालसम्म कुनै ठोस निर्णय नगरेको प्रति दुख व्यक्त गरेका थिए ।

# सर्लाहीमा पूँजीगत खर्च ८८.९९ प्रतिशत

**टुडे समाचारदाता**

सर्लाही । आर्थिक वर्ष २०७९/०८० मा सर्लाही जिल्लाका लागि सङ्घीय सरकारबाट प्राप्त बजेटमध्ये पूँजीगततर्फ ८८.९९ प्रतिशत बजेट खर्च भएको छ ।




कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) सर्लाहीका अनुसार पूँजीगततर्फ सङ्घ सरकारबाट पालिका तथा अन्य निकाय र कार्यालयलाई प्राप्त पाँच अर्ब पाँच करोड ५६ लाख ८७ हजार रुपैयाँ बजेट प्राप्त भएकोमा चार अर्ब ४९ करोड ९० लाख ४२ हजार ७६५ रुपैयाँ ४८ पैसा अर्थात् ८८.९९ प्रतिशत बजेट खर्च भएको छ ।

असार महिनामा मात्रै एक अर्ब ३२ करोड ५६ लाख १५ हजार ७०१ रुपैयाँ ८५ पैसा खर्च भएको छ । ५५ करोड ६६ लाख ४४ हजार २३४ रुपैयाँ ५२ पैसा बजेट भने खर्च नभइ फिर्ता भएको छ । यस्तै, जिल्लामा चालु खर्चतर्फ ९४.६१ प्रतिशत बजेट खर्च भएको कोलेनिकाले जनाएको छ । चालु खर्चतर्फ जिल्लाका लागि प्राप्त १३ अर्ब ६४ करोड ८९ लाख ३२ हजार ९९१ रुपैयाँ बजेटमध्ये १२ अर्ब ९१ करोड ३४ लाख ८८ हजार ३७९ रुपैयाँ ०४ पैसा खर्च भएको छ । चालु खर्चतर्फ ७३ करोड ५४ लाख ४४ हजार ६११ रुपैयाँ ९६ पैसा खर्च नभइ फिर्ता भएको छ ।

चालुतर्फ पनि असार महिनामा मात्रै दुई अर्ब १२ करोड दुई लाख २६ हजार ८६१ रुपैयाँ ६१ पैसा खर्च हुन नसकेर फिर्ता भएको छ । कोष तथा लेखा नियन्त्रक कार्यालय सर्लाहीका प्रमुख कोष नियन्त्रक निर्मल न्यौपानेले राष्ट्रिय स्तरको तुलनामा सर्लाहीमा पूँजीगत तथा चालु खर्चतर्फको बजेट खर्चको प्रतिशत राम्रै रहेको जानकारी दिए ।

# अभिनेत्री दिव्या दत्ताले सुनाउनुभयो 'चलचित्र यात्रा'

काठमाण्डु । त्रिदिवसीय साहित्य महोत्सव 'काठमाडौँ-कलिङ साहित्य महोत्सव' सहभागी हुन् नेपाल आउनुभएकी भारतीय अभिनेत्री तथा लेखक दिव्या दत्ताले आफ्नो चलचित्र यात्राबारे चर्चा गर्नुभयो । बलिउडमा तीन दशक बिताइसक्नु भएकी अभिनेत्री दत्ताले नेपाली चलचित्र 'वसन्ती' र 'माया नमार' मा काम गर्नुभएको छ ।



लेखक सुमित शर्मासँगको 'दिव्या दत्तको चलचित्र यात्रा' सत्रमा उहाँले नेपाली भाषा सुन्दर लाग्ने प्रतिक्रिया दिनुभयो । "म नेपाली भाषा छिट्टै सिकिरहेको छु, मलाई यहाँ घरभन्दा बाहिर आए जस्तो महसुस भएकै छैन", उहाँले भन्नुभयो । 'भाग मिल्खा भाग', 'वीरजारा', 'दिल्ली-६', ' ब्ल्याकमेल', 'जिप्पी', 'बद्लापुर' लगायतका चलचित्रमा काम गर्नुभएकी अभिनेत्री दत्ताले बाल्यकालमा भारतीय अभिनेता अमिताभ बच्चनबाट प्रभावित भएको बताउनुभयो ।

आमाबुबा चिकित्सक भएकाले उहाँलाई बाल्यकालमा सोही पेसामा आवद्ध हुन्छु भन्ने लागेको थियो । पढाइ राम्रो भएकाले विज्ञान पढ्ने दबाब हुँदा पनि उहाँले अङ्ग्रेजी साहित्य, मनोविज्ञान, दर्शन पढ्ने इच्छा गर्नुभयो ।

"मेरो बुबा म सानै छदा बित्नुभयो, त्यसैले आमालाई मनका कुरा भन्न सहज भए पनि भन्न सक्थिन", अभिनेत्री दत्ताले भन्नुभयो । उहाँले 'ट्यालेन्ट हन्ट'को सहभागिताका लागि निवेदन दिँदा चाहिने तस्बिर खिच्न भाइको सहारा लिनुभयो । त्यहाँ छनोट भएपछि भाइसँगै आमालाई आफ्नो सपनाबारे परिचित गराउनुभयो ।

"मैले र भाइले आट गरेर आमालाई भनेका थियौँ । उहाँसँग हामीलाई डर लाग्थ्यो, आमाले मलाई सपनाको उडान भर्ने सहमति दिनुभयो, यद्यपि मेरो अध्यनलाई असर नपुग्ने गरी", उहाँले भन्नुभयो । यहीँबाट बलिउड यात्रा प्रारम्भ गर्नुभएको अभिनेत्री दत्ताले अभिनेत्री मनिषा कोइरालाका कारण काम पाउनुभयो । उहाँको अनुहार मिल्दोजुल्दो देखिएपछि उस्तै खोजिका साथ् आउने निर्माताले काम दिन थाले । यसको उदाहरण 'अग्निसाक्षी' हो । "मलाई अन्य अभिनेत्रीको छायाँ बन्नु थिएन, तर त्यसपछि काम गरेको केही चलचित्रमा मुख्य अभिनेत्रीको साथीको भूमिका पाएँ, सुरुआतमा काम देखाउँछु भन्ने लागे पनि पछि गन्तव्य देखिन", अभिनेत्री दत्ताले भन्नुभयो ।

'वीरजारा' जस्तो चलचित्रमा काम गरेर पनि आफूलाई परिचित गराउन असहज देखेपछि उहाँको यात्रा रोकिने अवस्थामा पुग्यो । सोही समयमा आमाले पाएको भूमिकालाई निर्वाह गरेर सङ्घर्ष गर्न सुझाएको अभिनेत्री दत्ताले सम्झिनुभयो । "आमाले चलचित्रमा निरन्तर काम गर्न दिएको सुझाव मानेर काम गरें, त्यही क्रममा मैले 'दिल्ली ६', 'भाग मिल्का भाग' जस्ता चलचित्रमार्फत आफूलाई प्रमाणित गरें", उहाँले भन्नुभयो, "अहिले वेब शृ‌ृ लासँगै चरित्रप्रधान चलचित्र बन्ने गरेका छन्, अहिले सङ्घर्ष गर्न पहिलेभन्दा सजिलो छ ।" सफल अभिनेत्री बन्दै गर्दा उहाँले लेखनमा समेत आफूलाई अगाडि ल्याउनुभयो । पहिलो पुस्तक 'मि एन्ड माँ' भित्र उहाँले आमासँगको सम्बन्धलाई शब्दमार्फत व्याख्या गर्नुभयो । उहाँले काम र यात्रालाई सुन्दर बनाइदिने मानिसलाई लक्षित गर्दै दोस्रो पुस्तक 'द स्टार्स इन माइ स्काइ' तयार गर्नुभयो । उहाँलाई आफ्नो शब्दको शक्ति महसुश भने पहिलो पुस्तकबाटै भएको थियो ।

"मलाई एकदिन चन्डीगढको विमानस्थलमा एक महिलाले बोलाइन, मैले अभिनयको कुरा होला भन्ने ठानेको थिएँ, तर उनले तपाईंको आमासँगको सम्बन्धको किताब पढेँ, त्यसले मलाई आमालाई हेर्ने दृष्टिकोणमै परिवर्तन ल्यायो भनिन्, त्यसपछि मैले पुस्तकको महत्व बुझें", उहाँले भन्नुभयो । यसरी आफूलाई अभिनेत्रीसँगै साहित्य क्षेत्रमा समेत परिचित गराउन सफल अभिनेत्री दत्ताले केही समय यता ओभर दी टप (ओटीटी) का लागि निर्माण हुने चलचित्र तथा शृ‌ृ लामा काम गरिरहनुभएको छ ।

"एउटा कलाकारका लागि महत्वपूर्ण कुरा हो धैर्य, लगाव र निरन्तरता, यो तीनै चिज भएपछि मात्र कलाकारितामा टिकिरहन सकिन्छ, यो क्षेत्र निकै अनिश्चत छ, भोलि के हुन्छ, कसैलाई थाहा हुन्न, सायद भोलि केही पनि नहुन पनि सक्छ, तर आफ्नो मनलाई जे कुराले खुसी बनाउँछ, त्यो काम भने गर्न छाड्नुहुन्न", अभिनेत्री दत्ताले भन्नुभयो । उहाँ तीन दिने महोत्सवअन्तर्गत विभिन्न सत्रमा सहभागी भएर विविध पाटोमा छलफल गरिरहनुभएको छ । यशस्वी प्रज्ञा प्रतिष्ठान नेपाल र कलिङ साहित्य महोत्सव (केएलएफ) भारतको संयुक्त आयोजनामा शुक्रबार सुरु भएको महोत्सव आइतबारसम्म सञ्चालन हुनेछ । रासस

# दलितसम्बन्धी पुस्तक सार्वजनिक

काठमाण्डु । प्रतिनिधिसभाका सांसद रणेन्द्र बराइली र डिडी अधिकारीद्वारा लिखित 'नेपाली दलित साहित्य लेखनको इतिहास' नाम पुस्तक सार्वजनिक भएको छ ।

त्यसैगरी सांसद बराइलीद्वारा लिखित 'रातो बारुद, मुक्ति योद्धा लप्टन लालबहादुरको जीवनी', साहित्यकार डम्बर पहाडीद्वारा लिखित 'डम्बरे दमाइको बकपत्र', साहित्यकार सरोज दिलुद्वारा लिखित 'मैले छोएको सिन्दुर' नामक पुस्तक पनि सार्वजनिक भएको छ ।

प्रगतिशील साहित्यकार टिआर विश्वकर्माको ३३औँ स्मृतिका सन्दर्भमा नेपाल प्रज्ञा प्रतिष्ठान र नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठानले संयुक्तरुपमा आयोजनामा गरेको पुस्तक विमोचन तथा गीत लोकार्पण कार्यक्रममा संस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशीला श्रीपाइलीले आज ती पुस्तक तथा गीत सार्वजनिक गर्नुभयो ।

पुस्तक समीक्षा गर्ने क्रममा डा गोपिन्द्र पौडेल, डा हरिप्रसाद सिलवाल, साहित्यकार कल्पना खरेल र गीति समीक्षा गर्ने क्रममा जन संस्कृतिकर्मी माइला लामाले महत्त्वपूर्ण किसिमले परिचर्चा गर्नुभएको थियो ।रासस

# डेङ्गु सङ्क्रमण २१ हजार नाघ्यो

काठमाण्डु । नेपालमा डेङ्गु सङ्क्रमण बढिरहेको छ । इपिडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले सार्वजनिक गरेको तथ्याङ्कअनुसार हालसम्म डेङ्गु सङ्क्रमण २१ हजार दुई सय छ जनामा पुष्टि भएको छ ।

महाशाखाले भदौ र असोजमा डेङ्गु सङ्क्रमण उच्च हुने प्रक्षेपण गरेको थियो । सङ्क्रमणबाट १३ जनाको निधन भएको छ । महाशाखाका निर्देशक डा रुद्रप्रसाद मरासनीले पानी परिरहेकाले डेङ्गु सङ्क्रमण दैनिकरूपमा बढेको बताउनुभयो । नेपालमा पहिलोपटक सन् २००४ मा एक जनामा डेङ्गु देखिएको थियो । सन् २०२२ मा ५४ हजार सात सय ८४ जनामा सङ्क्रमण र ८८ जनाको मृत्यु भएको थियो ।

**सुनसरीमा मात्र ११ हजार बिरामी पुगे**

सङ्क्रमण देखिएकामध्ये सबभन्दा बढी सुनसरी जिल्लामा देखिएको छ । महाशाखाका अनुसार सुनसरीमा ११ हजार छ सय ५९ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ । सुनसरीपछि मोरङमा दुई हजार दुई सय ४२, धादिङमा दुई हजार एक सय एक, झापामा एक हजार तीन सय २३, काठमाडौँमा चार सय २७, धनकुटामा तीन सय ३६, सङ्खुवासभामा दुई सय ७२, कास्कीमा दुई सय ६०, दार्चुलामा एक सय ९४ र ललितपुरमा एक सय ७४ जना डेङ्गुका बिरामी भेटिएका छन् ।

डेङ्गु पानी जम्ने सफा ठाउँमा ' एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल लार्भा निस्कन्छ र त्यही लार्भा बयस्क भएर टोकेपछि डेङ्गु रोग लाग्छ । रासस

# एमाले आफैँ समाप्त भएर जान्छ : माधव नेपाल

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले नेकपा (एमाले) आफैँ समाप्त भएर जाने टिप्पणी गरेका छन् । अध्यक्ष नेपालले नेकपा (एस) लाई समाप्त पार्ने घोषणा गरिरहेको एमाले आफैँ सोत्तर भइरहेको र हावा खाइरहेको जिकिर गरेका हुन् । पार्टीको चाँगुनारायण नगर कमिटीले शनिवार भक्तपुरमा आयोजना गरेको एक कार्यक्रममा बोल्दै उनले आफ्नो पार्टीले भने हरेक असम्भव कुरालाई सम्भव बनाउँदै अघि बढिरहेको दाबी गरे ।

अध्यक्ष नेपालले आफ्नो पार्टीले अन्य पार्टीहरूलाई समेत साथमा लिएर समाजवादको झण्डालाई बुलन्द गर्ने काम गरिरहेको बताए । उनले पार्टीलाई सशक्त बनाउन आफूहरूले सङ्गठन निर्माणको कामलाई तीव्रता दिएको समेत बताए ।

'कसै कसैले हाम्रो पार्टीलाई समाप्त पारिदिने भनेर घोषणा गरिरहेका छन् । समाप्त पार्ने होइन ती व्यक्तिहरू जसले त्यसो भनिरहेका छन्, यो पार्टीको कुनै अर्थ छैन भनेर । उनीहरू आफैँ सोत्तर भइरहेका छन्' अध्यक्ष नेपालले भने, 'हावा खाइरहेका छन् । तपाईँहरू देखिरहनुभएको छ–सिङै देशमा हाम्रो पार्टी आफ्नै गतिविधिका साथ अगाडि बढिरहेको छ । सङ्गठन निर्माणको अभियानमा जुटेको छ ।'

अध्यक्ष नेपालले पार्टीलाई जनताको बीचमा लैजाने गरी गतिविधिहरूलाई अघि बढाउन पनि पार्टीका नेता, कार्यकर्तालाई सचेत गराए ।

# सरकारले भ्रष्टाचारविरुद्ध होइन, भ्रष्टाचार अभियान चलाएको हो : केपी ओली

**टुडे समाचारदाता**

बुटवल । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकारका लागि मात्रै एमाले केन्द्रित नभएको बताएका छन्। एमालेले मुलुकबाट गरिबी उन्मुलन गर्दै समृद्ध नेपाली बनाउने अभियान लिएर हिँडेको भन्दै चुनावदेखि चुनाव र सरकारमात्रै नताक्ने उनले बताए। 'एमाले जतिबेला सरकारमा जान्छ, जनताका पक्षमा काम गर्छ,' उनले भने।

०५१ सालको सरकारदेखि एमालेले नेतृत्वको पछिल्लो सरकारले देश विकासमा महत्त्वपूर्ण कार्य गरेको भन्दै उनले त्यस्ता सरकारलाई गिराउन प्रतिक्रियावादीहरू सक्रिय रहेको बताए। अनेपालको नक्सा सच्याउने, विप्लप र सीके राउतलाई शान्तिपूर्ण राजनीतिमा ल्याउने काम हामीले गरेका हौं। अहिलेको सरकारको उपलब्धि १०० किलो सुन चोर्ने भएको छ। यस्तो पनि सरकार हुन्छ?,' उनले प्रश्न गरे।



नेपाल अब पछाडि परिराख्न नहुने बताउदै उनले प्राकृतिक स्रोत, खनिजको उपयोग बढाई युवाहरूलाई स्वदेशमै रोजगारीमा लगाउनुपर्ने उनको भनाइ छ। अहिलेको सरकार तस्करमा केन्द्रिकृत रहेको भन्दै राजश्व झन् घट्दै जाने उनले बताए। 'भन्सारबाट सुन आउने, कर नतिर्ने, पक्रिएको सुन हराउने। कतिसम्म लाजमर्दो काम गरेको हो। अहिले भ्रष्टाचारविरूद्ध अभियान होइन, भ्रष्टाचार अभियान चालेको हो,' अध्यक्ष ओलीले भने।

उनले यतिसहितका विषयमा छानविन गरेर देखाउन चुनौती दिए। 'वाईडवडीमा कमिसन खानेहरू नै कुरा उठाउँछन्। मेरो चुनौती छ, छानविन गर जेल जाउ,' उनले भने।

एमाले भ्रष्टाचार गर्न सरकारमा जाने पार्टी नभएको उनको जिकिर छ। तर एमालेका विरूद्धमा भ्रम छर्ने काम भइरहेको उनले बताए। उनले सरकार धेरै नचल्ने निष्कर्षमा प्रचण्ड पुगेको बताए। तर एमाले सरकार जान हतारमा नरहेको उनको भनाइ छ।



## श्री माध्यमिक विद्यालय (०-१०) बरमझिया

### गणेशमान चारनाथ नगरपालिका, धनुषा

### शिक्षक आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०५/११

यस विद्यालयमा तपसिल बमोजिमको करार शिक्षक पद पूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकबाट आवेदन पेश गर्न यो विज्ञापन गरिएको व्यहोरा सम्बन्धीत सम्पूर्ण सरोकारबालाहरुलाई सहर्ष जानकारी गराउँदै सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | विषय | नियुक्तिको प्रकार | पद संख्या | तह | शैक्षिक योग्यता | दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/०८०/०८१ | नेपाली | करार/राहत | १ | माध्यमिक | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धीत विषयमा कम्तिमा स्नातक तह वा सो सरह उर्त्तिण | १५००।०० |
| २ | ०२/०८०/०८१ | विज्ञान | करार/शिक्षक सहयोग अनुदान (संघीय) | १ | माध्यमिक | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धीत विषयमा कम्तिमा स्नातक तह वा सो सरह उर्त्तिण (Bsc.Ag/Msc/Ag लाई विशेष प्राथमिकता) | १५००।०० |
| ३ | ०३/०८०/०८१ | सामाजिक अध्ययन | करार/निजि श्रोत | १ | माध्यमिक | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धीत विषयमा कम्तिमा स्नातक तह वा सो सरह उर्त्तिण | १५००।०० |
| ४ | ०४/०८०/०८१ | | करार/स्वीकृत दरबन्दी | १ | प्राथमिक | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा कम्तिमा १०+२ तह वा सो सरह उर्त्तण | १०००।०० |

**शर्तहरु तथा आवश्यक योग्यता**

१. शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९७ र शिक्षक सेवा आयोग नियमावली २०५७ (संसोधन सहित) को नियम ९ बमोजिम योग्य भएको ।
२. शिक्षक सेवा आयोग नियमावली २०५७ (संसोधन सहितको नियम १० बमोजिम अयोग्य नभएको ।
३. तलब सुविधा विज्ञापन नं. ०१/०८०/०८१, ०२/०८०/०८१ र ०४/०८०/०८१ को लागि प्रचलित कानून बमोजिम तथा वि.नं. ०३/०८०/०८१ को लागि वि. व्य.स. को निर्णय अनुसार ।
४. परीक्षाको किसिमः लिखित, अन्तवार्ता, (प्रयोगात्मक आवश्यकता अनुसार)
५. बुँदा नं. ४ मा जुन सुकै कुरा लेखिएको भएपनि शिक्षक सेवा आयोगको सम्बन्धीत तह र विषयको पछिल्लो करार सुचीको प्रमाणित उम्मेदवारको हकमा करार योग्यता क्रमानुसार छनौट गरिने छ ।
६. सबै पदको दरखास्त दिने अन्तिम मितिः २०८०/०५/२५
७. दरखास्त फारम पाउने तथा पेश गर्ने स्थानः श्री मा.वि. बरमझिया, धनुषा लेखा शाखा ।
८. विज्ञापन सम्बन्धी सम्पुर्ण अधिकार विद्यालयको शिक्षक छनौट समितिमा हुने छ ।
९. दरखास्त फारम साथ पेश गर्नुपर्ने कागजातहरु, नेपाली नागरिकता, शैक्षिक योग्यता (SEE/SLC देखिको चारित्रिक तथा लब्धाङ्क) प्रमाण पत्र, सम्बन्धी तहको अध्यापन अनुमति पत्रहरुको उम्मेदवार आफैले प्रमाणित गरेको प्रतिलिपी, परीक्षा दस्तुर तिरेको सक्कलै भौचर ।
१०. दरखास्त फारम दर्ता गराएका उम्मेदवारको नामावली प्रकाशन मितिः २०८०/०५/२७ गते ।
११. सम्पर्क मितिः २०८०/०५/२८ गते ।
१२. सम्पुर्ण विज्ञापनको लागि कम्प्यूटर सम्बन्धी सिप हसिल गरेको उम्मेदवारलाई प्राथमिकतामा राखिने छ ।
१४. सम्पर्क नं. लेखाः ९८१५८९९०३७, अध्यक्षः ९८१४७२८९६५


प्रधानाध्यापक


# पेट्रोलियम पदार्थको मूल्य वृद्धि फिर्ता लिन माग गर्दै युवा संघको मसाल जुलुस

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एमाले सम्बद्ध युवा संघले सरकारले हालै बढाएको पेट्रोलियम पदार्थको मूल्य वृद्धि तत्काल फिर्ता लिन माग गर्दै मसाल जुलुस निकालेको छ । शनिवार बानेश्वरस्थित युवासंघ कार्यालयबाट संसद् भवनतर्फ मसाल बोकेर अघि बढेका युवा संघका नेता कार्यकर्तालाई प्रहरीले बीचमै रोकेको थियो । स्वचालित मूल्य निर्धारण पद्धति सुरु भएको एक महिना मै नेपाल आयल निगमले गत बिहीबार पुनः पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको थियो । युवा संघले सर्वसाधारणको दैनिकीमा प्रभाव पारेको भन्दै तत्काल मूल्यवृद्धि फिर्ताको माग गर्दै प्रदर्शन गरेको हो । उनीहरुले सुशासन कायम गर्नुपर्नेमा सरकार चुकेको भन्दै नाराबाजी समेत गरेका थिए ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# रेललाई व्यवसायिक बनाउ

नेपालमा रेल सञ्चालनको इतिहास नौ दशक पुरानो भए पनि व्यवस्थित रुपमा सञ्चालन हुन सकेको छैन् ।छिमेकी मुलुक भारतले पटक पटक रेल सञ्चालनमा सहयोग गर्दै आएको छ । भारतीय सहयोगमा रेल सञ्चालनमा आए पनि त्यो दीर्घकालीन रुपमा सञ्चालन हुन सक्ने अवस्थामा छैन् । त्यसको प्रमुख कारण रेललाई आत्मनिर्भर बनाउने तर्फ सरकार अथवा रेल कम्पनीले सोचेकै छैन् । भारतले गरेको सहयोग र नेपालले गरेको लगानीको आधारमा हाल रेल सञ्चालनमा रहे पनि त्यो धेरै दिन सम्म चल्न सक्ने अवस्था छैन् । रेलवेको दैनिक हुने खर्च र आम्दानीबीच सन्तुलन छैन् । खर्च भन्दा आम्दानी निकै कमजोर छ । नयाँ रेल सञ्चालनमा आएको दुई वर्ष पनि पूरा भएको छैन् । अहिले मर्मत संभार खर्च न्यून छ । दिन बितेसँगै रेलको मर्मत संभार खर्च पनि बढ्दै जानेछ । अन्य खर्चहरु पनि थपिने छ । हाल रेलवे स्टेशनको मर्मत संभार गरिहाल्नु पर्ने स्थिति नरहे पनि तत्काल रंगरोगन नगरिए कयौं स्टेशन घरको आयु स्वभाविक रुपमा घटने छ । नेपालमा रेलको अवस्था दयनीय हुने कारणबारे रेल विभाग र यातायात मन्त्रालय अनभिज्ञ छैनन् । रेललाई व्यवसायीकरण नगरि एसम्म रेल दीर्घकालसम्म सञ्चालनमा आउन सक्दैन् । रेललाई निरन्तरता दिन प्रमुख विषय व्यवसायीकरण गर्नु नै हो । रेलमा तत्काल माल बोगी जोड्ने व्यवस्था गर्नुपर्छ । अर्को तर्फ रेलमा हाल रहेको वातानुकूलित बोगीको भाडा सन्तुलन गरी धेरै यात्री चढ्न सक्ने वातावरण बनाउनु पर्छ । भारतले रेललाई पूर्ण रुपमा व्यवसायीकरण गरिसकेको छ । रेल चढ्ने यात्रु र मालसमानबाट दैनिक खर्च कटाएर मुनाफा गर्नैपर्छ । नेपालमा हरेक महिनामा कम्तीमा २ पटक पेट्रोलियम पदार्थको मूल्य वृद्धि भइरहेको छ । डिजेलको मूल्य वृद्धि भएसँगै रेल सञ्चालनको खर्च पनि बढिरहेको छ । विगतमा जस्तै रेल तस्करहरुका लागि समान ओसार पसार गर्ने वातावरण बनाउन दिनु हुँदैन् । रेलको मुनाफाका लागि सञ्चालन गर्न सञ्चालनको समय सीमा निर्धारण, भाडा निर्धारण र बिना टिकट यात्रा गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने, व्यवसायीहरुको मालसमान ढुवानी गर्न हालकै इञ्जिनमा मालबोगी जोड्नु पर्छ । रेललाई पर्यटन व्यवसायसित समेत जोड्न सकिन्छ । खजुरीमा रहेका पुराना रेलका इञ्जिनहरुलाई म्युजियम बनाएर होटेल लगायतका सुविधाहरु उपलब्ध गराइ रेलले त्यसको पनि व्यवसाय गर्न सक्छ । तर सबै भन्दा प्रमुख विषय अहिले नै रेलमा माल बोगी जोड्ने, यात्रुको चाप अनुसार बोगी थप्न सक्ने र वातानुकूलित बोगीको भाडा मिलाउनु पर्ने काम गर्नु पर्छ ।

# हठको परिबन्दमा मुख्यमन्त्रीको कुर्सी



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

मानवको जीवनमा हठ कुनै न कुनै रुपमा प्रभावित पारेको हुन्छ । यसको अनेक रुप हुन्छ । होशियार व्यक्तिले हठ गर्दा बढी फाईदा र क्षतिको आकलन गरी सो अनुरुप निर्णय लिन्छन् । देश, समाज, परिवार वा व्यक्तिगत हितका लागि सकारात्मक सोचका साथ हठ गर्‍यो भने परिणाम उपलब्धिमूलक हुने सम्भावना प्रवल रहन्छ । परिणाम सन्तोषजनक नभएको खण्डमा पनि राम्रो कामका लागि हठ गरेको भनेर आत्मसन्तुष्टि हुन्छ ।

धार्मिकग्रन्थमा मुख्यतः राजहठ, बालहठ र त्रियाहठलाई पहिलो प्राथमिकतामा राखिएको छ । शासकले शक्तिको उन्मादमा गरेका हठ 'राजहठ'को श्रेणीमा पर्छ । यस प्रकारका हठ न्यायको सिद्धान्त विपरीत हुन्छ । यसले प्रायः खतरनाक परिणाम निम्त्याउँछ । जनताको सार्वभौम अधिकारलाई हनन् गर्छ । सहन नसक्ने अवस्थामा उत्पन्न भयो भने जनताको मन विद्रोही मानसिकताको रुपमा परिणत हुन्छ । बालहठको प्रभाव छनिक हुन्छ । त्रियाहठले एक व्यक्ति वा सम्बन्धित परिवारलाई प्रभावित पार्न सक्छ । तर, राजहठ वा सत्ता हठले गलत बाटो अपनाउनका लागि अभिप्रेरित गर्छ । वैचारिक सङ्घर्षको सट्टा सत्तामा पकड राख्नका लागि धार्मिक र जातीय उन्माद फैलाउने कुत्सित कार्य हुने गरेको देखिएको छ । विश्वमैं सवैभन्दा शान्त मुलुक नेपालमा धार्मिक विद्वेष बढ्न थालेको छ ।संविधानविपरीत गतिविधि हुँदा पनि सरकार के गर्नु, कसरी गर्नु भनेर अलमलमा परेको देखिन्छ । संविधानलाई पालना गराउनका लागि नेताहरुलाई अग्रसरता देखाउनुपर्छ । सामाजिक सञ्जालमार्फत आफ्नो प्रभुत्व जमाउने प्रवृतिपनि हठकै एक रुप हो ।

शास्त्रमा अझै तीनवटा हठको व्याख्या गरिएको छ । कपाल र नङको हठ । यी दुइटैलाई काटेर छोटो पारेपनि पुनः बढ्न थाल्छन् । कपाल र नङको बानी नेपालका अधिकांस नेताहरुमा पाइन्छ । गल्ति स्वीकारगर्ने अनि केही दिनपछि पुनः सोही गल्ति गर्ने गरेको देखिएकाले अधिकांस नेता कपाल र नङको हठको श्रेणीमा परेको अनुभूति भइरहेको अवस्था छ । शीर्ष नेताहरुमा केपि ओलीले आफूले गरेका निर्णयको पक्षमा सधैं अडान लिएको हुन्छ । ओलीले आफनो निर्णय गलत भएको भनेर स्पष्ट रुपमा स्वीकार गर्देनन् । भ्यू टावरको बढी विरोध हुँदा सोको फाइदा गन्ति गर्न चुक्नु भएन् । किनकी, उहाँ भ्यू टावरको पक्षपाति हुनुहुन्छ । यस्ता थुप्रै उदाहरणहरु छन् ।

प्रचण्ड, शेरबहादुर देउवालगायत कतिपय नेताले गल्ति स्वीकार गर्नमा ढिलाइ गर्देनन् । केही दिनपछि सोही किसिमका गल्तिहरु दोहराउने गर्छन् । यस्ता स्वभावका व्यक्ति कपाल र नङको हठको प्राकृतिक गुण वा अवगुणको समूहमा पर्दछ ।

अर्को किसिमको पनि हठ हुन्छ । त्यो हो मन (माइन्ड)को हठ । यस हठलाई दुई भागमा विभाजित गरिएको छ । 'मङ्की' माइन्ड र अर्को ' काउ' माइन्ड । मङ्की माइन्डको मतलव बाँदरजस्तै उफ्रिदै रहने अर्थात, अस्थिर मानसिकताका व्यक्ति । अर्को 'काउ माइन्ड' भनेको गाईजस्तै शान्त स्वभावका व्यक्ति, जसमा सकारात्मक प्रभाव रहन्छ । हठ यदि मनसँग जोडिएको छ भने नुकसान पुर्‍याउँछ र यदि, बुद्धिसँग जोडिएको छ भने सफलताप्राप्त गर्न सहयोग पुर्‍याउँछ । मनको 'हठ' हठधर्मितामा परिणत भयो भने विनास निम्त्याउँछ । आफ्नो अनुचित कार्यमा अडान लिनु वा बलमिच्चयाँइ गर्नु नै हठधर्मिता हो ।

राजनेतामा जनताको उज्जवल भविष्य, शान्ति सुरक्षा, शिक्षा, स्वास्थ्यलगायत आधारभूत आवश्यकताका लागि हठ गर्नुपर्छ । केही दिनअघि, भारतले चन्द्रयान-३ सफलतापूर्वक चन्द्रमाको दक्षिणी ध्रुवमा अवतरण गराएको छ । चार बर्षअघि चन्द्रयान -२ असफल भएको थियो । इसरोका वैज्ञानिकहरुले हार नमारेर दृढ निश्चय भएर कार्य गर्‍यो । शनिवार, सूर्यको अध्ययन गर्नका लागि आदित्य 'एल'-१ सफलतापूर्वक लाँन्च गरेको छ ।

भारतको उत्तरप्रदेशमा अपराधिक घटना, भूमाफिया, अपहरणजस्ता अमानवीय कार्य निरन्तरता लिएको थियो । अहिले व्यापक रुपमा नियन्त्रण गरिएको छ । अर्कोतर्फ दसौं स्थानबाट भारत विश्वको पाँचौं अर्थतन्त्र भएको मुलुक बनेको छ । उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगी र प्रधानमन्त्री नरेन्द्रनाथ मोदीमा जुन जनता र देशप्रति प्रतिबद्धता छ । त्यसको अन्तर्राष्ट्रिय जगतपनि प्रशंसा गर्छन् ।

योगीको हठ उत्तरप्रदेशलाई अपराधमुक्त बनाउन दृढ सङ्कल्पित देखिन्छ भने मोदीको हठ आउँदो पाँच बर्षमा विश्वको तेस्रो स्थानमा पुर्‍याउने लक्ष्य राखेको छ । यस्तो पो हठ हुनुपर्ने हो ।

त्यस किसिमका हठबादिता नेपालका नेताहरुमा भाषणमा मात्र सुनिन्छ । प्रधानमन्त्री प्रचण्डले राष्ट्रियता, जनजीविका र भष्ट्राचारलगायतका विषयमा लाखौं जनता सडकमा उतार्ने घोषणा गरेको छ । देशको प्रधानमन्त्री हुन कि प्रतिपक्षी नेता ? बोल्ने वेलामा के बोल्ने होस नहुँदा पटक पटक विवाद निम्त्ने गरेको छ ।

हाम्रो नेता मुलुकलाई उत्थानका लागि हठ गर्नुपर्नेमा सत्तामा आधिपत्य कसरी कायम गर्ने तर्फ बढी अग्रसर रहन्छ । दोश्रो जनआन्दोलनपछि नेपालमा नयाँ कालखण्ड शुरु भएको रुपमा बर्णन गर्नुपर्छ । माओवादी जनयुद्धबाट आएकाले अहङ्कारको केही लक्षण कायमैं थियो । २०६४ सालमा प्रचण्ड प्रधानमन्त्री बनेपछि प्रधानसेनापति रुक्माङ्गद कटुवालाई बर्खास्तगर्ने निर्णय अहङ्कारवादी राजहठको रुप थियो । त्यो राजहठको नतिजा उल्टिएपछि प्रचण्डलाई प्रधानमन्त्रीबाट राजीनामा गर्नु पर्‍यो । पदका साथै जनाधारपनि खुस्किए । पहिलो संविधानसभाको निर्वाचनमा प्रत्यक्षतर्फ पचास प्रतिशत सिटमा जित हात पार्‍ेर सवैभन्दा ठूलो दल बनेका माओवादी पार्टी पुनः सवैभन्दा ठूलो दल बन्ने शौभाग्य पाएन् । संसद्मा तेस्रो पार्टी भएपनि प्रचण्ड प्रधानमन्त्री पदमा आसिन छन् । त्यो उहाँको आफ्नो क्षमताभन्दा ओलीको सत्तामोह र काँग्रेसको एमालेप्रति प्रतिशोधको भावना नै मुख्य कारण हो । अन्य दलका शीर्ष नेताको तुलनामा केपि ओलीमा हठबादिता अलि बढी नै देखिन्छ । प्रधानमन्त्री हुँदा लगातार दुईपटक संसद् विघटन गर्ने व्यक्ति ओली हुन् । तर्कसङ्गत ढङ्गले आफूले बोलेको र गरेका कार्य शतिप्रतिशत सही छ भन्नेहरु पनि हठवादिताबाट ग्रसित छ भने बुझ्नु पर्दछ । त्यस्तो हठले विपरीत परिणामनै दिन्छ । ओलीलाई प्रधानमन्त्रीबाट हट्नु पर्‍यो र पार्टीपनि विभाजित भयो । त्यसपछि, निर्वाचनमा ठूलो पार्टीबाट झरेर दोश्रो स्थानमा चित बुझाउनु पर्‍यो ।

महिना नवित्दै दुईपटक मुख्यमन्त्री कामचलाउ बन्नु आफैंमा लज्जास्पद कुरा हो । थाहा हुँदाहुँदै उद्धव थापालाई विश्वासमत पाउन त्यति सहज छैन । तापनि, दोश्रोपटक पनि थापाकै नाम मुख्यमन्त्रीको लागि प्रस्ताव भयो । एकमत बढाउनका लागि सभामुखको राजीनामा गराइयो भने एकमत पुग्न नदिनका लागि एमालेपनि पनि रणनीति अपनाउनेछ भन्ने सोच्नु पर्ने थियो । काँग्रेस सभापति शेरबहादुर देउवालाई थापाको ठाउँमा आफ्नै पार्टीका अन्य प्रदेशसभा सदस्यको नाममा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनसँग गम्भीर ढङ्गले छलफल गर्नुपर्ने थियो । राप्रपा सहमतिमा आएको भए, सहज रुपमा बहुमतको सरकार बन्ने थियो ।

दलका शीर्ष नेताहरुमा 'एको अहं द्वितीय नास्ति, न भूतो न भविष्यति' अर्थात, म मात्र हुँ । सवै गलत छ । मजस्तो कोही आएको छैन् र आउनेवालापनि छैन् । पार्टीका शीर्ष नेताहरु सोही किसिमका मानसिकता देखिन्छ । अहिले कोशी प्रदेशमा छोटो समयमैं दुईपटक मुख्यमन्त्रीका शपथ लिएका उद्धव थापालाई कामचलाउ मुख्यमन्त्री बन्नुपरेको छ । यस्तो हुनुको मुख्य कारण मुख्य दलहरु सत्ताका लागि संविधानको मानमर्दन गर्न खोजेको रुपमा लिन सकिन्छ ।

कोशी प्रदेशमा मुख्यमन्त्रीको कुर्सीमा प्रभुत्व जमाउनका लागि सभामुख पदको बलि चढाइयो।उपसभामुखलाई विरामी बनाइयो । मुख्यमन्त्री कुर्सीमाथि कब्जा जमाउन र विश्वासमत असफल पार्नका लागि सत्तापक्ष र प्रतिपक्षले लोकतन्त्रको मूल्य मान्यतामाथि नै कुठाराघात गरेको सत्यलाई नकार्न सकिँदैन् । कोशी प्रदेशको मुख्यमन्त्रीको कुर्सी हठधर्मिताको परिबन्दमा फसेको देखिन्छ । कुनैपनि हठले सकारात्मक वा नकारात्मक परिमाण ल्याउँछ । परिणाम नकारात्मक आउँछ भन्ने थाहा भएर गर्ने 'हठ' हठधर्मिताको श्रेणीमा पर्छ । यस्ता हठवादीहरु बलमिच्याँइको वलमा स्थापित हुन खोज्छन् । कानुनलाई आफ्नो अनुकुल पार्नका लागि अनर्गल तर्क प्रस्तुत गर्छन् । यस्तो अवस्थामा लोकतन्त्रको जग कमजोर हुन्छ । कोशी प्रदेशमा लगातार दोश्रोपटक पनि मुख्यमन्त्री उद्धव थापाको सरकार कामचलाउ भयो ।

महिना नवित्दै दुईपटक मुख्यमन्त्री कामचलाउ बन्नु आफैंमा लज्जास्पद कुरा हो । थाहा हुँदाहुँदै उद्धव थापालाई विश्वासमत पाउन त्यति सहज छैन । तापनि, दोश्रोपटक पनि थापाकै नाम मुख्यमन्त्रीको लागि प्रस्ताव भयो । एकमत बढाउनका लागि सभामुखको राजीनामा गराइयो भने एकमत पुग्न नदिनका लागि एमालेपनि पनि रणनीति अपनाउनेछ भन्ने सोच्नु पर्ने थियो ।

काँग्रेस सभापति शेरबहादुर देउवालाई थापाको ठाउँमा आफ्नै पार्टीका अन्य प्रदेशसभा सदस्यको नाममा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनसँग गम्भीर ढङ्गले छलफल गर्नुपर्ने थियो । राप्रपा सहमतिमा आएको भए, सहज रुपमा बहुमतको सरकार बन्ने थियो । सत्ता स्वार्थसँग जोडिएको विषय हो । राप्रपाको समर्थनवेगर कोशी प्रदेशमा काँग्रेस नेतृत्वको सरकार बन्न असम्भव छ । राप्रपाका अध्यक्ष राजेन्द्र लिङदेन र काँग्रेस नेता कृष्ण सिटौंला दुवै जना झापाको एउटै क्षेत्रबाट चुनाव लड्छन् । लिङदेन दुईपटक निर्वाचित भएका हुन् । उद्धव थापा कृष्ण सिटौंलाको अत्यन्त विश्वासपात्र व्यक्ति हुन् । उद्धव थापालाई मुख्यमन्त्री बनाउनमा लिङदेनले आफ्नै खुट्टामा बन्चरो हान्ने कार्य किन गर्छ । काँग्रेसको नेताले यी सामान्य राजनीति दाउपेचपनि नबुझेको पक्कै होइन कि काँग्रेसमा गुटगत राजनीतिको परिबन्द अत्यन्त बलियो छ । सत्यलाई पनि लुकाउने प्रयास गर्छ । यस्तो अवस्थामा कोशी प्रदेशका काँग्रेसका मुख्यमनत्री कामचलाउ नहुने त के हुने ?

तत्कालीन सभामुख बाबुराम गौतमको व्यक्तिगत छवि धुमिल भयो । काँग्रेस र माओवादी केन्द्रले सत्ताका लागि गलत परिपाटी बसाउन खोजेको आरोपबाट चोखिन मुश्किल छ । थाहा भएरपनि पदीय मर्यादाविपरीत कार्य गर्न दवाव दिनु भनेको कानुनी राज्यको अवधारणामाथि प्रहार भएको रुपमा व्याख्या गर्न सकिन्छ । सभामुख पदको महत्व र दायित्वपनि नबुझ्ने व्यक्ति कुन किसिमका माइन्डका व्यक्ति हुन भने जिज्ञासा हुनु स्वभाविक हो । शास्त्रको आधारमा बाबुराम गौतम मङ्की माइन्ड हो कि काउ माइन्डको सम्बन्धमा निर्णय पाठकवर्गकै जिम्मा छोडेको छुँ ।

दोश्रोपटक उद्धव कामचलाउ मुख्यमन्त्री भएपछि गौतमपनि कामचलाउ मन्त्री भएका हुन् । सम्मानित पद सभामुख त गयो, कतै मन्त्री पद अहिले कामचलाउ छ । काँग्रेस र माओवादी केन्द्रले विश्वासमतका लागि अपनाएका रणनीति संविधानसम्मत छ कि छैन भन्ने सम्बन्धमा सर्वोच्चको फैसालबाट नै टुङ्गो लाग्छ । तर, यी दुइटै दलले संविधानको धारा १८६मा प्रदेशसभामा निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकैं प्रस्तावको निर्णय उपस्थित भई मतदानगर्ने सदस्यहरुको बहुमतबाट हुनेछ । अध्यक्षता गर्ने व्यक्तिलाई मतदानगर्ने अधिकार छैन् । तर, मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले आफ्नो निर्णायक मत दिनेछ । संविधानको उक्त धाराले कुनै विधेयकको सन्दर्भमा सभाका अध्यक्षलाई मतदानगर्नका लागि सो अधिकार दिएको बुझिन्छ । काँग्रेस र माओवादीकेन्द्रको नजरमा सो धारामा प्रस्तुत गरिएको जुनसुकैं प्रस्ताव उल्लेख गरिएकाले सो आधारमा सभाध्यक्षले मतदान गर्न पाउने जिकिर गर्न सकिन्छ । तर, सामान्य बुझाईमा मुख्यमन्त्री स्वयंले बहुमतको लागि प्रस्ताव पठाइएको छ । विश्वासको मतको प्रस्ताव र विधेयकसम्बन्धी प्रस्ताव आफैंमा फरक विषय हुन् । सर्वोच्चले थापाले लिएको विश्वासमतलाई अमान्य घोषित गर्यो भने पुनः मुख्यमन्त्रीको नियुक्तिको प्रक्रिया अगाडि बढ्ने सम्भावना छ ।

यस्तो भयो भने, अव एमालेले पनि आफ्नो नेतृत्वमा सरकार बनाउनका लागि प्रयास गर्छ । एमालेले समाजवादी पार्टी वा एकीकृत समाजवादी पार्टीको समर्थन लिन खोज्छन् । अर्कोतर्फ, काँग्रेसले पुनः आफ्नो नेतृत्वमा सरकार बनाउनका लागि राप्रपाको समर्थन लिने प्रयास गर्छ वा राप्रपाको मुख्यमन्त्री दिने प्रस्ताव गर्न सक्छन् । यो त निश्चित छ कि विगतका दुइटै गठबन्धनमध्ये कुनै एक गठबन्धनबाट कमसेकम एउटा दल निश्चित रुपमा अलग हुनेछ । यदि, यसो नभएको खण्डमा मध्यावति निर्वाचन हुनेछ । तर, दलहरु निर्वाचनबाट बच्नका लागि कुनै न कुनै सहमतिको बाटो निकाल्ने छ । माधवकुमार नेपालले प्रधानमन्त्रीबाट राजीनामा गरेपछि नौं महिनासम्म कामचलाउ प्रधानमन्त्री भएर काम गरेको थियो । अव, यो प्रदेशपनि सोही इतिहासलाई दोहराउन खोजेको त होइन् । 'इतिश्री'

# चीन भ्रमणमा नेपालका एजेण्डा



एकराज पाठक

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी असोजको पहिलो साता गर्न लाग्नुभएको चीन भ्रमणमा नेपालले के एजेण्डा अघि सार्ने भन्ने विषयमा नेपालमा चासो र चर्चा सुरु भएको छ ।

विश्व अर्थतन्त्रको गणनामा विशेष स्थान हासिल गरिरहेका नेपालको उत्तर र दक्षिणका दुई छिमेकी मुलुकमा नेपालका प्रधानमन्त्री जाँदा चासो र चर्चा हुनु स्वभाविकै हो ।

चीन नेपालको छिमेकी मात्र नभइ नेपालको विकासका धेरै क्षेत्रसँग जोडिएको छ । नेपाल-चीन आर्थिक, सांस्कृतिक एवं ऐतिहासिक सम्बन्ध अहिले झन महत्वका साथ अघि बढेको छ । त्यसैले यतिखेर प्रधानमन्त्री दाहालले गर्ने चीन भ्रमणमा पनि नेपाल र चीनबीचको सम्बन्धको सेतूमा आर्थिक र सांस्कृतिक विषय नै उठ्ने हुन् । नेपालको विकासका लागि चीनले गर्दै आएको सहयोग र पूर्वाधार निर्माणका कुरा यसमा जोडिन्छन् र अहिले त्यसमा बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) परियोजनाको विषय थपिने देखिएको छ ।

यस विषयमा नेपाली जानकारका बीचमा कुराकानी हुनु जरुरी छ र नेपालका कूटनीतिज्ञले नेपाल सरकारलाई सुझाउन आवश्यक छ । नेपालले बिआरआई परियोजनामा हस्ताक्षर गरेको छ वर्ष पुगिसकेको छ । यसअघि प्रधानमन्त्री दाहाल दोस्रो पटक मुलुकको प्रधानमन्त्री भएका बेला सन् २०१७ को मेमा सो परियोजनामा नेपालले हस्ताक्षर गरेको थियो । खासगरी सडक सञ्जाल र अन्य भौतिक पूर्वाधारका विषयलाई प्राथमिकतामा राखेर चिनियाँ वर्तमान राष्ट्रपति सि चिनफिङले सन् २०१३ बाट विश्व परियोजनाका रुपमा चीनले अघि बढाएको यो आयोजनामा नेपालले पनि निकै चासो र चर्चाका साथ हस्ताक्षर गरेको हो ।

यसअन्तर्गत नेपालले यहाँका सडक, पूर्वाधार र अन्य विकास आयोजनाको निर्माणमा सहयोग अपेक्षा गरेको छ । त्यसैले नेपालले यसअन्तर्गत गर्ने विभिन्न ३५ वटा परियोजनाको सूची प्रस्ताव गरेकामा चीनले नै नौ वटामा सहमति जनाएको थियो । सुरुङ तथा रेलमार्ग र अन्य विकास आयोजनालाई ती नौ आयोजनामा राखेर चीनले निर्माणको सहमति जनाएको हो । तर आजका दिनसम्म पनि यस आयोजनाबाट अघि बढाइने भनिएका परियोजनाको अर्थपूर्ण सुरुआत गर्न सकिएको अवस्था छैन । ती परियोजना नेपालमा कुनै न कुनैरुपमा सञ्चालनमा आएका र आउने तयारीमा रहेका भए पनि तिनलाई बिआरआई परियोजनाको 'फ्रेमवर्क' भित्रै राखिएको भने छैन । त्यसैले यस विषयको थप स्पष्टता एवं परियोजनाको कार्यान्वयन योजनाका लागि पनि प्रधानमन्त्री दाहालको चीन भ्रमण थप महत्वको छ ।

पछिल्ला दशकतिर चीनलाई चियाएर हेर्दा पूर्वाधार निर्माण र विकासको गतिलाई चीनले झनभन्दा झन द्रुत बनाएको छ । यो असाधारण उपलब्धिलाई हामीले पनि चीनसँगको बिआरआई सम्झौतासँग जोड्न सक्छौं कि ? अर्थात् बिरआरआई परियोजना कार्यान्वयन गर्न सक्दा हामीले पनि यसैबाट नेपालमा पूर्वाधार निर्माणको लाभ कसरी लिन सक्छौं ? प्रधानमन्त्रीको आसन्न भ्रमणमा बनाउनुपर्ने यो मुख्य एजेण्डा हो ।

पछिल्लो समय चीनले गरिबी उन्मूलन कार्यक्रमलाई सशक्तरुपमा अघि बढाएको छ । हुनत विश्व अहिले पनि कोभिड महामारीपछिको अवस्था (पोष्ट कोभिड पिरियड) मा छ तर सन् २०२० को अन्त्यतिरै चीनले करिब ८४ लाख चिनियाँलाई चरम गरिबीबाट माथि उकासेको प्रगति सार्वजनिक गरेको थियो । चीनले देशमा गरिबी निवारणको एजेण्डालाई सशक्त कार्यान्वयनमा ल्याएको छ । चिनियाँ राष्ट्रपति चिनफिङले सन् २०१४ मा चीनमा गरिबी निवारणको एजेण्डा अघि सारेर त्यसमा लाग्न सबै सरकारी निकाय र तिनका नीति तथा कार्यक्रमलाई निर्देशन दिनुभएको थियो ।

यो तथ्याङ्कअनुसार चीनको गरिबीविरुद्धको लडाइँ विश्वका अरु देशका लागि पनि महत्वपूर्ण उदाहरण हुनसक्छ । नेपालजस्ता छिमेकीका लागि त यो एउटा गतिलो सिकाइ हुनसक्छ । किनभने चीनले लिएको यो गरिबी निवारण कार्यक्रमको आधार भनेको कृषि हो । देशमा गरिबी घटाउन र हटाउनका लागि उनीहरूले कृषिमा लगानी बढाएका र महत्व दिएका छन् । कोरोना महामारी अघि र त्यसपछि पनि चिनियाँ कृषिउपज र त्यसको निर्यातमा ध्यान दिएका छन् । अन्न उत्पादनको यो अभियानबाट नेपालले केही ग्रहण गर्न सक्दा हामीजस्ता झण्डै कृषि प्रधान देशलाई फाइदा पुग्ने निश्चित छ ।

चीनले आगामी सन् २०३० को दशकलाई खाद्य सुरक्षास्तरमा उक्लिने उद्देश्य लिएको छ । खाद्य सुरक्षाका दृष्टिले विश्वको सुरक्षित देशको सूचीमा दर्ज हुने लक्ष्य चीनको छ । यसकारण पनि उनीहरू खाद्य सुरक्षा नीतिलाई अघि सारेका छन् । चीनको कृषि क्रान्तिबाट नेपालले पनि सिक्नुपर्ने बेला आएको छ । यसका लागि चीनबाट हामीले आर्थिक, प्राविधिक या वैज्ञानिक के तरिका या अनुशरण गर्ने ? परम्परागत कृषि प्रणालीमै रहिरहेका हामीहरूले यो शताब्दीमा कृषि प्रणालीको चिनियाँ मोडलका लागि के सहयोग लिने ? त्यो तयारी हामीले गर्नुपर्छ ।

नेपालको छिमेकी देश भएकाले नेपाल-चीन सम्बन्धमा समृद्धिको बाटो दुई देशबीचको नाकाको पनि हो । अहिले तातोपानी र केरुङ नाकाबाट आवतजावत भइरहेको छ । भूकम्पपछि स्थगित तातोपानी नाका आजका दिनसम्म आइपुग्दा बल्ल पूर्णरुपमा सक्रिय भएको छ । विसं २०७२ को भूकम्पपछि नेपाल-चीनबीचको सो नाका पूर्णरुपमा बन्द भयो । त्यसको केहीपछि मात्र सीमितरुपमा सञ्चालन भएको नाका विसं २०७६ फागुनमा विश्वव्यापीरुपमा कोरोना महामारी फैलिएपछि नाका पुनः बन्द भएको थियो ।

यो नाका २०८० वैशाख १८ बाट दोहोरो आयात निर्यात खुलाइएको थियो । नाका बन्द भएको करिब आठ वर्षपछि शुक्रबारबाट मानिस पनि आवतजावत गर्न थालेका छन् । अब यो नाकाबाट दुवैतर्फ आगमनमा सहज हुनेछ । यसरी तातोपानी र केरुङमात्र अहिलेको अवस्थामा हेर्दा तुलनात्मक सक्रिय रहेकामा यी नाकाको सञ्चालनमा स्थायित्व प्रदान गर्दै अरु पनि केही नाका खुलाउनेतर्फ नेपाली पक्षको पहल हाम्रा लागि समृद्धिको आधार नै बन्नेछ ।

सन् २०१६ मा नेपाल र चीनबीच पारवहन सम्झौतासमेत भएको भयो । यो सम्झौतालाई चीनको भूमि भएरै नेपाल तेस्रो मुलुकमा प्रवेश गर्नसक्ने भनेर व्याख्या पनि गरिएको थियो । यो सम्झौताको प्रयोग व्यावसायिक वा व्यापारिक प्रयोजनमा हुन सकिरहेको छैन । आजसम्म सम्झौतामै सीमित यो सम्झौताबाट नेपालले के लाभ लिन सक्ला त ? यसतर्फ पनि प्रधानमन्त्रीको आसन्न चीन भ्रमणले सोच्नुपर्ने देखिन्छ ।

चीनसँग नेपालको व्यापार घाटा बढ्दै छ । गत आर्थिक वर्ष २०७९/८० मा नेपालले चीनबाट रु दुई खर्ब २२ अर्ब ७१ करोड को आयात गरेको छ तर निर्यातको मात्रा भने भने टिठलाग्दो स्वरुपमा अर्थात् रु एक अर्ब ७६ करोड मात्रै छ । संसारका उदीयमान शक्ति राष्ट्र भारत र चीनसँगै छ नेपालको व्यापार घाटा बढेको । तर हाम्रै छिमेकीको समृद्धिको समुद्रबाट हामीले कति पानी उभाउन सक्छौं ? यसबारेमा हामीले अब सोच्नुपर्छ । त्यसैले हामीले पनि व्यापार घाटा कम गर्ने उपाय खोज्ने काममा देशको राज्य संयन्त्रले प्रधानमन्त्रीलाई सुझाउनु आवश्यक छ ।

उता उत्तरी छिमेकीले कृषिउपजकै सहायता लिएर देशमा गरिबी घटाउने योजना सफल बनाउँदैछ तर यता हाम्रो कृषि उत्पादनको धरातल दिन प्रतिदिन भत्किँदैछ । हामी खाद्यान्नकै लागि पनि परनिर्भर हुँदै गएका छौं । त्यसैले पनि अब हाम्रो परम्परागत कृषि उत्पादनले हामीलाई थेग्न सक्ने अवस्था छैन । यसका लागि अब हामीले कृषि प्रणाली अत्याधुनिक र उत्पादकत्वमा मात्र आधारित बनाउनुपर्ने आवश्यकता छ । चिनियाँबाट उत्पादन प्रणालीको सहायताका लागि हामीले प्रस्ताव गर्नुपर्छ ।

पर्यटन छिमेकीसँग जोडिएको नेपालको अर्को महत्वपूर्ण चासो हो । उत्तर र दक्षिण छिमेकीको जनसङ्ख्या साढे दुई अर्बभन्दा बढी छ तर हामी भने केही लाख पर्यटक खोज्न कता कता भौँतारिने गरेका छौं । यहीँबाट वर्षमा ५० लाख जति पर्यटक ल्याउन सक्दा हाम्रो समृद्धिको यात्रा धेरै छोटिने छ । सबैलाई यो थाहा त छ तर गर्ने कसरी ? यस्तै अन्योलले नै हाम्रो मुलुकका पर्यटनका सबै सम्भावना दिन प्रतिदिन खेर गइरहेका छन् ।

यता चिनियाँ सहयोग तथा संलग्नतामा पोखरा र लुम्बिनीमा अन्तर्राष्ट्रिय विमानस्थल तयार छन् । हामी त्यहाँबाट बाह्य मुलुकमा जहाज उडाउन सकेका छैनौं । यसका लागि पनि हाम्रा कूटनीतिक पहल अबका दिनमा थप दरिला हुनु आवश्यक छ । चीनको अधिकांश जनसङ्ख्या लुम्बिनी आउन इच्छुक छ, यता विमानस्थल तयार पनि छ । ती विमानस्थलबाट जहाज उडाएर विश्वका बौद्धमार्गीसमक्ष यो खुसीको खबर पुर्‍याउन सकिएको छैन । नत यो खुसीको सञ्चार देशभित्रै देशव्यापी हुन सकेको छ । यसका लागि पनि सरकारको दरिलो कूटनीति आवश्यक छ र त्यसको सुरुआत आसन्न चीन भ्रमणबाट हुन सक्छ । त्यसैले प्रधानमन्त्रीको चीन भ्रमणमा पर्यटन पनि एक अत्यावश्यक एजेण्डा बन्नुपर्दछ ।

विश्वको लोकप्रिय लुम्बिनी र नेपालमा आएका पर्यटकमध्ये कम्तीमा पनि ४० प्रतिशत पुग्ने पोखराजस्तो पर्यटकीय गन्तव्यलाई यी दुई विमानस्थलमार्फत संसारसँग कसरी जोड्न सकिएला ? यस विषयको आवश्यक थाल्न अब ढिला भइसक्यो ।


नेपालको समृद्धि पर्यटन र बिजुली व्यापारमै छ । यसका लागि चिनियाँ लगानीकर्तालाई कागजी नीतिमा मात्र नभएर वास्तवमै र व्यवहारिकरुपमै आकर्षित गर्नु आवश्यक छ ।

नेपालको उत्तर र दक्षिण दुवैतर्फ विशाल बजार छ । ती बजारमा सानो हिस्सा ओगट्न पाए पनि नेपालको समृद्धिको ढोका खुल्छ । चीनलाई नेपालको बाटो हुँदै दक्षिण एसियाली बजारसम्म जोड्ने पुल हामी बन्न सक्यौं भने यसको लाभ हामीलाई पनि मिल्नेछ । चीनसँग नेपालले पाएका सुविधाको प्रयोगमा पनि यो भ्रमण केन्द्रित हुनु जरुरी छ । हामीले पाएका शून्य भन्सार सुविधाबमोजिमका वस्तुको आदानप्रदान हुन सकेको छैन । भन्सार सुविधा लिन नसक्नुका वाधा अड्चनबारे पनि अहिले नै छलफल हुनु जरुरी छ । यसका साथै चीनले छिमेकीका नाताले हालै नेपालको पुरानै नक्सा सार्वजनिक गरेकाले यस विषयमा पनि प्रधानमन्त्री दाहालको आसन्न भ्रमणमा स्पष्ट कुरा हुनु जरुरी छ । सीमा या अन्य यस्तै द्विपक्षीय कूटनीतिक विषय फैलिन नपाउँदै वार्ताको टेबलमा ल्याएर स्पष्ट गर्न सकिएन भने पछि अर्थपूर्ण नरहन पनि सक्छ । त्यसैले नेपालको कूटनीतिक संयन्त्र अहिले नै यसतर्फ सजग हुनु जरुरी छ ।

# पार्टीले गरेका कामको बारेमा जनतालाई बुझाउनेछौं : उपाध्यक्ष भुसाल

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)को उपाध्यक्ष पम्फा भुसालले 'जनतासँग माओवादी विशेष रुपान्तरण' तीनमहिने अभियानमा पार्टीको त्याग र बलिदानसहित पार्टीले जनताको पक्षमा गरेका कामबारे जनतालाई बुझाउने बताउनुभएको छ ।

ललितपुर उपमहानगरपालिका वडा नं २२ बुङ्मतीमा आयोजित माओवादी केन्द्रको ' जनतासँग माओवादी रुपान्तरण अभियान' र ' जनजनमा माओवादी घर-घरमा माओवादी' उद्घाटन कार्यक्रममा उपाध्यक्ष पम्फा भुसालले यस्तो बताउनुभएको हो ।



अरु समय भोट माग्न र भोट प्राप्त गरेपछि धन्यवाद दिन आएको र अबको तीनमहिने रुपान्तरण अभियानमा जनताको गुनासो र सुझाव सङ्कलन गर्न जनताको घर-घरमा माओवादी पुग्ने उहाँले बताउनुभयो ।

उपाध्यक्ष भुसालले भन्नुभयो, "भदौ १६ गतेदेखि सुरु भएको अभियान मङ्सिर १५ गते सकिएपछि जनताबाट प्राप्त भएका सुझाव र आलोचनालाई समीक्षा गरेर विधान सम्मेलन गर्नेछौं । विधान सम्मेलनको तीन महिनापछि महाधिवेशनद्वारा नीति र विचारमा नयाँ विकास गरेर पार्टीलाई देशको सबैभन्दा अग्रगामी र सबैभन्दा क्रान्तिकारी शक्ति निर्माण गर्नेछौं ।"

जनता र माओवादीको सम्बन्ध नङ र मासुको जस्तै हुँदा माओवादी बलियो हुने र माओवादी बलियो हुँदा परिवर्तनको एजेन्डा रक्षा हुने भएकाले जनतासँग माओवादी रुपान्तरण अभियान सुरु गरेको उहाँले बताउनुभयो।जनताको नयाँ आलोचना र नयाँ सुझावले माओवादी केन्द्र नयाँ ढङ्गले अगाडि बढ्नेसमेत उहाँले बताउनुभयो ।

**सरसफाइबाट सुरू भयो अभियान**

जनतासँग माओवादी विशेष रुपान्तरण अभियानको माओवादी केन्द्रले सरसफाइ गरेर उद्घाटन गरेको छ । ललितपुर महानगरपालिका-१८ मङ्गलगाउँ चोक र ललितपुर महानगरपालिका-२२ बुङ्मती बसपार्कमा सरसफाइ गरी माओवादी केन्द्रले अभियान सुरु गरेको छ ।

त्यसैगरी वडा नं २ सानेपालगायत ललितपुरका अन्य वडामा पनि आज एकैसाथ सरसफाइसहित अभियानको सुरुआत गरेको छ। जनताको घर-घरमा माओवादीका नेता तथा कार्यकर्ता पुगेर जनताको समस्या, सुझाव र आलोचना सङ्कलन गर्नेछन् । रासस

# सरकार साहसिक तरिकाले अगाडि बढेको छ : प्रधानमन्त्री दाहाल

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान सरकारले सामाजिक न्यायको प्रत्याभूति, सुशासन, सार्वजनिक सेवा प्रवाहमा जनताको सहज पहुँच र विकासलाई मुख्य प्राथमिकता दिँदै कामलाई अगाडि बढाएको बताउनुभएको छ । सरकारले इतिहासले नै सम्झिने गरी कैयौँ साहसिक र जनपक्षीय काम अघि बढाएको उल्लेख गर्दै उहाँले एकपछि अर्को गर्दै सरकारबाट अघि सारिएका कामले जनतामा राजनीति र व्यवस्थाप्रति नै विकास हुँदै आएको निराशा चिरेर आशा र भरोसाको वातावरण सिर्जना गरिरहेको बताउनुभयो ।

नेकपा(माओवादी केन्द्र)को केन्द्रीय कार्यालय पेरिसडाँडामा पार्टीको तीनमहिने 'जनतासँग रुपान्तरण अभियान'को उद्घाटन गर्नुहुँदै प्रधानमन्त्री दाहालले राजनीतिक र सामाजिक अराजकताको स्थानमा सकारात्मक भाष्यको निर्माण हुँदै सरकार र प्रणालीप्रतिको विश्वास बढेर गएको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले आफैँले गरेका राम्रा काम पनि जनतासम्म पुऱ्याउन सकेका छैनौँ । यो अभियानले सरकारका तर्फबाट भइरहेका जनपक्षीय कामलाई समेत जनतामा सम्प्रेषण गर्दै सरकार र जनताबीचको एकता सुदृढ गर्नेछ ।"



सरकारले नक्कली भुटानी शरणार्थी काण्डको छानविन, ललिता निवास प्रकरणमा निर्भिकतापूर्वक गरिएको कारबाही, सुनकाण्डको निष्पक्ष छानबिन जस्ता घटनाले राज्यशक्तिको दुरुपयोगमार्फत भएका अपराधकर्मको पर्दाफास गरिएको प्रधानमन्त्री दाहालको भनाइ छ ।

यस्तै मिटरब्याज पीडितका पक्षमा बनाइएका कानुन, नागरिकताविहीन नेपाली नागरिकका सन्तानका लागि नागरिकता ऐन निर्माण, वैदेशिक रोजगारीमा रहेका तथा अनौपचारिक एवं स्वरोजगार क्षेत्रमा कार्यरत श्रमजीवीका लागि गरिएको योगदानमा आधारित सामाजिक सुरक्षामा ल्याइएको छ । राहदानी, सवारी चालक अनुमतिपत्र जस्ता दैनिक सेवा प्रवाह गर्ने कार्यालयमा लाग्ने अव्यवस्थित लाइन हटाउने कदम, अस्पतालमा निःशुल्क शय्याको व्यवस्थादेखि स्वास्थ्य क्षेत्रमा सुधार र सामाजिक न्यायका क्षेत्रमा गरेको पहलकदमीको सर्वत्र प्रशंसा भइरहेको प्रधानमन्त्री दाहालले बताउनुभयो ।

यस्तै, जनयुद्धका सहिद घोषणालाई राजपत्रमा प्रकाशन गर्नु र बाँकी रहेकालाई सहिद घोषणा, जनयुद्ध दिवसमा दिइएको सार्वजनिक बिदालगायतका निर्णयले राजनीतिक आन्दोलन र परिवर्तनमा योगदान गर्नेको सम्मान भएको उहाँले बताउनुभयो । प्रधानमन्त्री दाहालले लघुवित्त पीडितको आन्दोलनलाई सरकारले सम्बोधन गर्न पहल गरेको, इतिहासमा पहिलो पटक पाठ्यपुस्तक समयमै विद्यालयमा पठाइएको, किसानलाई रासायनिक मल समयमा उपलब्ध गराइएको, विपन्न र असहायका निम्ति निःशुल्क स्वास्थ्य सेवा प्रभावकारी तुल्याइएको, आर्थिक सुधारलगायतका कामले सरकारको सङ्कल्प र प्रतिबद्धता व्यवहारमा रूपान्तरण भएको बताउनुभयो ।

वित्तीय तथा मौद्रिक नीतिको सन्तुलनमार्फत निजी क्षेत्रलाई समेत विश्वासमा लिइ सरकारले चालेका सुधारात्मक कदमबाट अर्थतन्त्र विस्तारै लयमा फर्किन सुरु गरेको प्रधानमन्त्री दाहालले उल्लेख गर्नुभयो । उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गरी अर्थतन्त्रको पुनरुत्थान तथा उच्च, दिगो समावेशी आर्थिक वृद्धि हासिल गर्ने र समष्टिगत आर्थिक स्थायित्व कायम गरी लगानीको वातावरणमा सुधार गर्न सरकार क्रियाशील रहेको उहाँले जानकारी दिनभयो ।

नेपाल राष्ट्र बैंकले हालै प्रकाशन गरेको प्रतिवेदनअनुसार, अर्थतन्त्रका सूचकाङ्क सकारात्मक दिशातर्फउन्मुख रहेको तथ्याङ्क प्रधानमन्त्री दाहालले पेस गर्नुभयो । गत असार मसान्तसम्म शोधनान्तर स्थिति रु दुई खर्ब ९० अर्ब ५२ करोडले बचतमा रहेको छ । यस्तै विदेशी विनिमय सञ्चिति गत वर्षको सोही अवधिको तुलनामा २६.६ प्रतिशतले वृद्धि भई रु १५ खर्ब ३९ अर्ब ३६ करोड पुगेको र यसले करिब १० महिनाको वस्तु तथा सेवाको आयात धान्न पुग्ने अवस्था रहेको उहाँले बताउनुभयो ।

त्यस्तै, विप्रेषण आयमा २१ दशमलव दुई प्रतिशतले वृद्धि भई रु १२ खर्ब २० अर्ब ५६ करोड पुगेको छ। जग्गाको कित्ताकाट पूर्णरुपमा खुलाउने निर्णय भएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले यही भदौ ११ गते मात्रै नेपाल राष्ट्र बैंकले लचिलो बजार नीतिअनुसार चालुपुँजी कर्जासम्बन्धी मार्गदर्शन संशोधन गरेको र त्यसबाट उद्योग, व्यवसाय क्षेत्रलाई प्रत्यक्ष लाभ हुनुका साथै आन्तरिक लगानी, उत्पादन वृद्धि र बजारमा आर्थिक गतिविधि बढ्नमा सहयोग पुग्ने विश्वास गरिएको बताउनुभयो ।

सरकारले चालेका जनमुखी कदमले जनतामा परिवर्तनप्रति असन्तोष बढाएर सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई कमजोर पार्ने तथा प्रमुख राजनीतिक दल र नेताहरूलाई बदनाम गरी राष्ट्रलाई नै असफल बनाउने षडयन्त्रलाई गतिलो जवाफ दिएर जनतामा आशा जगाएको प्रधानमन्त्री दाहालको भनाइ छ ।

प्रधानमन्त्री दाहालले भन्नुभयो, "जनतामा अब चाहिँ केही हुन्छ भन्ने सकारात्मक सोंचको विकास र नयाँ आशाको सञ्चार भएको छ । यो शनिवारको कामको परिणाम मात्र नभई नेपाली जनताको न्याय र मुक्तिको उद्देश्यमा आधारित महान जनयुद्ध र जनआन्दोलनका क्रममा खाएको मुक्ति या मृत्युको सपथ र नयाँ परिवेशमा हामीबाट गरिएको सङ्कल्पको निरन्तरता हो ।"

'दृढ इच्छाशक्तिका साथ अभेद्य सङ्कल्प गरे के हुँदैन र' भन्ने मान्यता शनिवार व्यवहारमा पुष्टि भएको स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले सुशासन, समृद्धि र सामाजिक न्यायका क्षेत्रमा वर्तमान सरकारले गरेका कामले पार्टीको आन्तरिक जीवनमा देखिएका आशङ्का र अविश्वास पनि मेटाउँदै एकतालाई सुदृढ गर्न सहयोग पुऱ्याएको बताउनुभयो । देशभरि जनता र पार्टी कार्यकर्तामा आशा र उत्साह बढेको स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले अभियानका क्रममा यी सबै विषय जनतामाझ सम्प्रेषण गर्ने र जनताका आशा, अपेक्षा, आलोचना, सुझाव तथा प्रतिक्रियालाई ग्रहण गर्दै सुशासन र सामाजिक न्यायका पक्षमा सरकारले चालेको अभियानलाई अझै सशक्त बनाउने उल्लेख गर्नुभयो ।

तमाम् उपलब्धिका बाबजुद परिवर्तनलाई नरूचाउने, इतिहासको रथलाई उल्टो दिशामा लैजान खोज्ने र सरकारको लोकप्रियताबाट अत्तालिएका तत्वले सरकारविरूद्ध घेराबन्दी गर्ने, भ्रम छर्ने, यो वा त्योरूपमा सरकारका कामको प्रशंसा र चर्चाबाट जनताको ध्यान विमुख गर्ने षड्यन्त्र गरिरहेको उहाँले स्पष्ट पार्नुभयो ।

सरकारलाई काम गर्न नदिन विभिन्न कोणबाट भइरहेका यी हर्ककत गलत त छन् नै, तर, यो घेराबन्दीले झनै जिम्मेवार ढङ्गले सबल, सक्षम भएर क्रान्तिकारी आन्दोलनमा अविचलितरूपमा अघि बढ्नैपर्ने कार्यभारसमेत हाम्रोसामु थपिदिएको उहाँको कथन छ । प्रधानमन्त्री दाहालले भन्नुभयो, "हाम्रो अस्तित्व हामीमा नै निर्भर छ भन्ने कुरा बिर्सिनु हुँदैन । हामीले कस्तो विचार विकास गर्छौं, हामीले कस्तो सङ्गठन निर्माण गर्छौं, हामीले जनताका मुद्दालाई के कसरी र कुन स्तरमा उठान गर्छौं, हामीले आफ्ना कमजोरीप्रति कस्तो आत्मालोचना र आत्मसमीक्षा गर्छौं, हामीले हाम्रा राम्रा कामको प्रचार के कसरी गर्न सक्छौं भन्ने जस्ता कुराले हाम्रो र सिङ्गो कम्युनिस्ट आन्दोलन एवं समाजवादी क्रान्तिको आधार तयार पार्ने आन्दोलनको भविष्य निर्भर गर्दछ ।"

वर्तमान सरकारले गरेका लोकप्रिय र जनमुखी कामबारेमा आमपार्टी पङ्क्ति र जनतामाझ व्यवस्थित प्रचारप्रसार गर्न नसक्दा भ्रमपूर्ण प्रचार गर्नेले ठाउँ पाएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सरकारबाट भएका कामलाई एकीकृत माध्यमबाट जनताका बीचमा पुऱ्याउन सिङ्गो पार्टी एकजुट भएर लाग्न जरूरी रहेको बताउनुभयो । सरकारको कामलाई जनतामाझ स्थापित गर्ने जिम्मेवारी र चुनौतीसमेत हाम्रासामु रहेको उहाँको भनाइ छ । रासस

# अर्थतन्त्रलाई लयमा ल्याउने कोसिस भइरहेको छ : मन्त्री डा महत

काठमाण्डु । अर्थमन्त्री प्रकाशशरण महतले देशको अर्थतन्त्रलाई लयमा ल्याउने कोसिस भइरहेको बताउनुभएको छ । नेपाल आर्थिक पत्रकार समाज (सेजन) को २५औं वार्षिक साधारणसभा तथा अधिवेशनलाई शनिवार काठमाण्डुमा सम्बोधन गर्दै अर्थमन्त्री डा महतले सरकारले खस्कँदो अर्थतन्त्रलाई लयमा ल्याउने प्रयास गरिरहेको जानकारी दिनुभयो । उहाँले केही समस्याका बाबजुत आगामी दिनमा अर्थतन्त्र सकारात्मक दिशातर्फ जाने विश्वास व्यक्त गर्दै सरकारको कामप्रति सकारात्मक बन्न आग्रह गर्नुभयो ।

"अर्थतन्त्रमा केही समस्या आएका छन् । विविध कारणबाट आएका यी समस्याको समाधानको आवश्यकता छ", अर्थमन्त्री डा महतले भन्नुभयो, "राज्य संयन्त्रबाट जहाँ कमी कमजोरी भएको छ त्यहाँ सुधारका लागि निरन्तररुपमा लागिपरेका छौं । केही सीमितताका बाबजुद अर्थतन्त्रलाई लयमा ल्याउने कोशिस भइरहेको छ ।" पर्यटक भित्रिने क्रम बढिरहेको, विदेशी मुद्राको पर्याप्त सञ्चिति र अन्य आर्थिक गतिविधि अघि बढाउनका लागि भएका समस्यालाई सहजीकरण गर्नेतर्फ मन्त्रालय लागिपरेको उहाँले जानकारी दिनुभयो ।




राजस्व सङ्कल्प अपेक्षाअनुसार नबढे पनि तुलनात्मकरुपमा गत आर्थिक वर्षभन्दा सन्तोषजनक रहेको अर्थमन्त्री डा महतको भनाइ छ । राज्यका विभिन्न निकायले लिने निर्णयका कारण आर्थिक गतिविधिमा प्रभाव परेको उल्लेख गर्दै उहाँले आवश्यकताअनुसार सहजीकरण गर्न सरकार तयार रहेको बताउनुभयो । अर्थतन्त्र सुधारोन्मुख बनाउन सकारात्मक 'डिस्कोर्स'को आवश्यकता भएको उहाँले बताउनुभएको छ ।

"राज्य संयन्त्रका सबै अङ्गले एउटै लयमा एउटै लक्ष्यका लागि काम गर्न नसक्दा जानेर नजानेर गर्न नसक्दा पनि समस्या आएका छन्", अर्थमन्त्री डा महतले भन्नुभयो, "निजी क्षेत्रमा लगानीको जोखिमलाई वास्तविकताको धरातलमा रहेर यथार्थ मूल्याङ्कन गर्न आवश्यक छ ।"

निजी क्षेत्रको गतिविधिलाई धैरै माइक्रो म्यानेजमेन्ट गर्नतर्फ लाग्दा समस्या आउने उल्लेख गर्दै उहाँले बृहत् नीतिगत 'फ्रेमर्वक' भित्र कार्यान्वयनमा लग्नुको महत्वबारे स्पष्ट पार्नुभयो । यस्तैनिजीक्षेत्रले आत्मनियमन अवलम्बन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । छाता सङ्गठनले एउटा मूल्य र मान्यतामा आधारित रहेर काम गर्न आत्म नियमनकर्ताको भूमिका निर्वाह गर्न मन्त्री डा महतको सुझाव छ । वैदेशिक सहयोग लिदा नेपालको आवश्यकता र प्राथमिकताका आधारमा मात्र लिने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रले दिएको सुझाबलाई कार्यान्वगन गर्न सरकारसँग माग गर्नुभयो । उहाँले सरकारी निकामनकारी निकायबाट प्रवाह हुने सूचनालाई सबैको पहुँचमा सहज रुपमा पुऱ्याउनसमेत अर्थमन्त्री डा महतसमक्ष सुझाव प्रस्तुत गर्नुभयो ।

नेपाल उद्योग परिसङ्घका कार्यबाहक अध्यक्ष वीरेन्द्रप्रसाद पाण्डे र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले खस्कदो अर्थतन्त्रलाई सुधार गर्न एकजुट भएर अघि बढन् आह्वान गर्नुभयो । कार्यक्रममा सेजनका संस्थापक अध्यक्ष प्रतीक प्रधानले नविन प्रविधि र सामाजिक सञ्जालको बढ्दो प्रयोग पत्रकारिताका लागि चुनौती बन्ने बताउनुभयो । उहाँले इमान्दारपूर्वक व्यावसायिक पत्रकारिता गर्न सुझाव दिँदै सेजनको नेतृत्व चयन निष्पक्ष र स्वच्छ रुपमा सम्पन्न गर्न सुझाव दिनुभयो ।

यस्तै सेजनका पूर्वअध्यक्षहरु गोकर्णराज अवस्थी, भीम गौतम र पुष्पराज आचार्य, नेपाल पत्रकार महासङ्घका महासचिव रोसन पुरीलगायतले सेजन र समग्र पत्रकारिताको शुद्धिकरणबारे आ-आफ्नो धारणा राख्नुभयो । रासस

# जनतामा ठूलो छटपटी र आक्रोश छ : महामन्त्री थापा



झापा । नेपाली कांग्रेसका महामन्त्री गगन थापाले जनतामा ठूलो छटपटी र आक्रोश बढिरहेको हुँदा बदलिएको कांग्रेसले मात्र देश बदल्ने सामर्थ्य राख्ने बताउनुभएको छ ।

नेपाली कांग्रेस मेचीनगर समितिको शनिवार धुलाबारीमा आयोजित नगर सम्मेलनमा उहाँले सबैजसो राजनीतिक दलको नेतृत्वले गलत क्रियाकलाप गर्दा समाजले आत्मविश्वास गुमाएको जनाउँदै कांग्रेसले अब जरैदेखि रुपान्तरित भएर गुमेको आत्मविश्वास फर्काउनुपर्ने बताउनुभयो ।

"जनतामा ठूलो छटपटी छ, आक्रोश छ", उहाँले भन्नुभयो, "जुन दल सत्तामा पुगे पनि, जुन नेता पुगे पनि आफुलाई बदलेका छन्, देश र जनतालाई केही पनि गरेनन् भन्ने आम आक्रोश बढिरहेको छ, यो निराशा कुराले होइन, काम र परिणामले चिरेर कांग्रेसले नै सही नेतृत्व गर्नसक्छ भन्ने सावित गर्नुपर्ने बेला आएको छ ।"

महामन्त्री थापाले नीतिगत भ्रष्टाचार र काण्डै काण्डले सत्तामा पुगेका बदनाम भइरहेका हुँदा कांग्रेसकै कोही नेताले पनि भ्रष्टाचार गरेको रहेछ भने त्यस्तो पापको भारी पार्टीले नबोक्ने स्पष्ट पार्नुभयो । प्रमुख दलका नेताहरुले एउटाले अर्कोको भ्रष्टाचारको पोल खोल्छु भनेर तर्साउने गरेको समेत उहाँको आरोप थियो । उहाँले नेपाली कांग्रेसलाई रुपान्तरण गर्नका लागि विसं २०८२ मा पार्टीको महाधिवेशन गर्नुपर्ने र चुनावमा उम्मेदवार छान्न आफ्नै तहका क्रियाशील सदस्यले मतदान गर्ने परिपाटी बसाउनुपर्ने बताउनुभयो ।

आफु वरिपरि डुलिरहने र नजिकमा बसेर चाकरी गर्नेलाई मात्रै चुनावमा उम्मेदवारको टिकट दिने पुरानो प्रणालीले कांग्रेसका सदस्य तथा मतदातामा निराशा बढेको महामन्त्री थापाले आरोप थियो । "माथिबाट टिकट पठाएर उम्मेदवार बनाउने प्रथा अब बन्द हुनुपर्छ", उहाँले भन्नुभयो, "पार्टीभित्र सबै क्रियाशील सदस्य भएकाले कोही ठूलो र कोही सानो भन्ने हुँदैन ।"

महामन्त्री थापाले २३ प्रतिशतभन्दा बढी युवा जनशक्ति रहेको स्वर्णिम कालमा मुलुकको समृद्धिको आकांक्षा पूरा गर्नेतर्फ आशा जगाउने कुनै कार्य सरकारमा पुगेकाबाट नभएको गुनासो गर्नुभयो ।

पुराना र नयाँ राजनीतिक दलहरु मुलुकको भविष्य तथा जनताको समस्यामा चिन्तित हुन छाडेर २०८४ मा हुने चुनाव कसरी जित्ने भनेर बहकिन थालेको टिप्पणी गर्नुभयो । रासस

## शहीदको बलिदानकै कारण नेपालमा राजनीतिक परिवर्तन : मन्त्री शर्मा

दाङ । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले हजारौं शहीदको बलिदानकै कारण नेपालमा राजनीतिक परिवर्तन सम्भव भएको बताउनुभएको छ । दाङको घोराही उपमहानगरपालिका-१७ वर्गदीस्थित शहीदस्मृति पार्कमा नेकपा (माओवादी केन्द्र)ले सुरु गरेको तीन महिने विशेष रुपान्तरण अभियान उदघाटनका अवसरमा उहाँले अब शहीदका सपना पूरा गर्ने गरी पार्टी र सरकार अघि बढ्ने बताउनुभयो ।

उहाँले शहीदको बलिदानका कारण राजनीतिक व्यवस्था बदलिएको उल्लेख गर्दै अब शहीदका सपना पूरा गर्न जनताको अवस्था बदल्नुपर्नेमा जोड दिनुभयो। वर्तमान सरकार गठन भएदेखि निरन्तर जनताको सेवा, सुविधा र सुशासनलाई प्राथमिकतामा राखिएको मन्त्री शर्माले बताउनुभयो। इतिहासमा पहिलो पटक सरकार जनतासित जोडिएको उल्लेख गर्दै उहाँले सुशासन, समृद्धि र सामाजिक न्यायको बाटोमा अघि बढिरहेको बताउनुभयो।

शान्ति प्रक्रियापछि पार्टी पटक-पटक सरकारमा गए पनि जनताले चाहेजस्तो परिवर्तनको अनुभूति गर्न नपाएको उल्लेख गर्दै उहाँले अहिलेको सरकार गठन भएपछि जनताको पक्षमा काम हुन थालेकाले त्यसलाई जनताको बिचमा लैजान र जनताको गुनासो सरकारसमक्ष पुऱ्याउन यो अभियान सुरु गरिएको बताउनुभयो ।

सबै नेता कार्यकर्तालाई जनताको घरघरमा पुग्न आग्रह गर्दै उहाँले राजनीतिलाई सेवाका रुपमा लिनुपर्ने बताउनुभयो । सो ठाउँमा २०५८ मङ्सिर १३ गते धान दाइरहेका किसानमाथि तत्कालीन सेनाले गोली चलाउदा ११ जनाको ज्यान गएको थियो । मन्त्री शर्माले शहीदको शालिकमा माल्यार्पण गरी अभियानको उद्घाटन गर्नुभएको हो । रासस

# भारतीय मूलका अर्थशास्त्री सिंगापुरको राष्ट्रपति

**बीबीसी**

नयाँ दिल्ली । सिंगापुरका जनताले भारतीय मूलका थर्मन शान्मुगररत्नमलाई आफ्नो नयाँ राष्ट्रपतिमा निर्वाचित गरेका छन् । तर, उहाँको अध्यक्षमा निर्वाचित भएपछि त्यहाँका धेरै मानिसहरु निराश पनि छन् । शुक्रबार, थर्मनले रेकर्ड ठण.द्ध प्रतिशत मत प्राप्त गर्दै सजिलै चुनाव जितेका थिए। एक दशकभन्दा बढी अवधिमा कुनै पनि चुनाव यति विवादास्पद भएको छैन। दुई उम्मेदवारलाई पराजित गर्दै थर्मनले भारी मतका साथ विजयी भएका हुन् । थरमान मन्त्री भइसकेका छन् ।

यसपटकको निर्वाचनमा उनले स्पष्ट अग्रता लिएका थिए । सिंगापुरका जनतामा उनको छवि राम्रो वक्ता, बुद्धिमान व्यक्ति र शहरी नेताको छ। उनी सिंगापुरका चर्चित राजनीतिज्ञ पनि हुन्। यही कारण थर्मन शान्मुगररत्नमले सत्तारुढ पिपुल्स पदबाट हटाउने अधिकार सरकारसँग छ । यहाँको सरकारले राष्ट्रपतिले पूर्ण स्वतन्त्रताका साथ बोल्न नसक्ने र उनको भूमिका बेलायतमा महारानीको जस्तै हुने स्पष्ट गरिसकेको छ ।

यसअघिका धेरै राष्ट्रपतिजस्तै शान्त स्वभावका र विवादबाट टाढै बस्न रुचाउने नेताका लागि यो औपचारिक पद उपयुक्त हुने विश्वास गरिएको छ । तर थर्मनको मामला अरु भन्दा फरक छ। यसअघि उनले अर्थमन्त्री र उपप्रधानमन्त्री भएर सिंगापुरको राजनीतिक नेतृत्वलाई सहयोग गरेका थिए । उनी अर्थशास्त्री हुन् । उनले संयुक्त राष्ट्र संघ र अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता विश्वव्यापी संस्थाहरूमा काम गरेका छन्। कुनै समय उनी मौद्रिक कोषको प्रमुख बन्न सक्ने अनुमान गरिएको थियो ।

### लोकप्रिय नेता

सिङ्गापुरका कतिपय मानिसहरूले कुनै बन्न सक्छन् र सरकारले भनेको रेखा पार गर्न सक्दैन। जातीय राजनीतिका लागि परिचित सिंगापुरका पीएपी नेताले यो चीनको बहुसंख्यक देश हो जहाँ जनताले अल्पसंख्यक समुदायका व्यक्तिलाई नेतृत्व गर्न नदिने भन्दै धेरै पटक भन्दै आएका छन्। निर्वाचनको अन्तिम सातासम्म यस विषयमा थर्मन मौन रहे । पछि उनले भने कि उनलाई लाग्छ कि सिंगापुर अब यसका लागि तयार छ। उनको यो टिप्पणीले उनका धेरै समर्थकहरु आक्रोशित भएका छन् ।

### त्जगकबल को विजय को अर्थ

थर्मनका बारेमा उनले आफूलाई प्रधानमन्त्री पदमा नदेखेको बताइएको छ । उनले आफू राम्रो प्रधानमन्त्री बन्न नसक्ने बताए । यसै क्रममा नेकपाको नयाँ नेतृत्व आउने तयारीमा थर्मनले पार्टी छाड्ने सोच बनाएको बताइएको छ । पीएपीले आगामी पुस्ताका नेताहरुको नेतृत्व गर्न थर्मनलाई राष्ट्रपतिको नेताजस्तै दौडमा सहभागी भई भारी बहुमतले जित्न सक्छन् भन्ने कुरा थर्मनले प्रमाणित गरे । "त्यस अर्थमा, उनको विजय जातीय सम्बन्धको लागि महत्त्वपूर्ण जीत हो," नीति अध्ययन संस्थानका जातीय विज्ञ म्याथ्यू म्याथ्यूज भन्छन्।

तर, उनी भन्छन्, 'सिङ्गापुरको समाजमा जातीय भेदभाव छैन भनेर चुनावी नतिजाले अनुमान लगाउनु हुँदैन किनभने प्रतिस्पर्धा समान उम्मेदवारबीच भएको भए जातीय विभेदले ठूलो कारक बन्ने थियो ।" उनको करियर थर्मनको भन्दा छोटो थियो र उनले त्यति लोकप्रिय थिएनन्।"

### कसको कति प्रभाव छ

यस पटक सिंगापुरमा भएको राष्ट्रपति चुनावलाई पीएपीका लागि एक किसिमको जनमत संग्रहका रूपमा हेरिएको छ, किनभने पछिल्लो समय पार्टीले धेरै विषयमा आलोचनाको सामना गरिरहेको छ । तर थर्मनको जितको श्रेय पार्टीलाई नभई उनको व्यक्तिगत लोकप्रियतालाई जानुपर्छ किनभने उनको लोकप्रियता पार्टीको नामभन्दा धेरै थियो । नानयाङ टेक्नोलोजिकल युनिभर्सिटीका सहायक प्राध्यापक वालिद जुम्बलाट अब्दुल्ला भन्छन्, "उनको जितले पार्टीको सम्बन्ध कसैको लागि घातक साबित हुँदैन भन्ने देखाउँछ।"



तर, उनको जितलाई पीएपीको प्रभावसँग सम्बन्धित प्रश्नहरूले ओझेलमा पारेको छ । थर्मन सरकार समर्थित उम्मेदवार मानिन्छन्। तर, उनले कसैको प्रभावमा नपरी स्वतन्त्र भएर काम गर्ने जनतालाई प्रतिवद्धता जनाएका छन् । तर धेरैले विश्वास गर्छन् कि पीएपीप्रति अत्यन्त वफादार व्यक्तिबाट यो आशा गर्नु अनुचित हो ।

निर्वाचनलाई लिएर विवाद छ

यो निर्वाचन पनि पारदर्शिता र रोकथामका उपायको अभावमा विवादमा परेको थियो । एकातिर, जर्ज गो नामक एक धेरै लोकप्रिय सम्भावित उम्मेद्वारलाई अग्रिम अयोग्य घोषित गरियो, जबकि महिला विरुद्ध भेदभाव र नस्लवादको आरोप लागेका तान किन लियानलाई चुनाव लड्न अनुमति दिइयो। यसपटकको निर्वाचनले पनि २०१७ मा भएको निर्वाचनको स्मरण गराएको छ । त्यसबेला सरकारले नियममा केही परिवर्तन गरेपछि जनतामा असन्तुष्टि र विवाद भएको थियो । थर्मनको जितले सरकारले राष्ट्रपतिको दौडमा हस्तक्षेप गरिरहेको धारणालाई गहिरो बनाएको छ। सिङ्गापुरमा पनि एक आन्दोलन भएको थियो जसमा नागरिकहरूलाई आफ्नो मतपत्र बिगारेर विरोध व्यक्त गर्न भनिएको थियो।

यद्यपि, वालिद भन्छन्, "अन्तमा यो सऱ्या दुई प्रतिशतको हाराहारीमा थियो, जसको अर्थ अधिकांश मानिसहरूले यी निर्वाचनहरू वैध छन् र उनीहरूले यसमा भाग लिनुपर्छ भन्ने विश्वास गरेका थिए।" थर्मनले आफ्नो अभियानमा "सबैलाई सम्मान" गर्ने वाचा गरे र भने कि "भिन्न विचार र फरक राजनीतिक विचारधारा भएका मानिसहरूलाई सम्मान गर्नुपर्छ।" तर उनले राष्ट्रपतिका रूपमा आफ्ना वाचाहरू कसरी पूरा गर्ने भन्ने निश्चित छैन, विशेष गरी जब प्रणालीले पीएपीको शक्ति कायम राख्न मद्दत गर्दछ भन्ने विश्वास गरिन्छ। र, जब उहाँ एक पटक सरकारमा हुँदा उहाँले सघाएको यो व्यवस्था हो ।

एक्सन पार्टी (पीएपी) बाट अलग भएर राष्ट्रपति चुनावमा उम्मेदवार बन्ने निर्णय गरेपछि धेरैलाई आश्चर्य लागेको थियो। धेरैले उनको निर्णयको आलोचना गर्दै उनले आफ्नो क्षमता खेर गइरहेको भन्दै आलोचना गरेका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रपतिमा निर्वाचित थर्मन शान्मुगररत्नमलाई बधाई दिएका छन् ।

उनले भने, "भारत र सिङ्गापुरबीचको द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउने दिशामा तपाईंसँग काम गर्न पाउँदा म खुसी हुनेछु।" कांग्रेस नेता पी चिदम्बरमले पनि उनलाई बधाई दिएका छन् । उनले सामाजिक सञ्जालमा लेखेका छन्, "सिंगापुरको राष्ट्रपतिमा निर्वाचित भएकोमा मित्र थर्मन शान्मुगररत्नमलाई बधाई छ। सिंगापुरका धेरै नेताहरू हाम्रा असल साथी र शुभचिन्तक छन्, तीमध्ये थर्मन सबैभन्दा राम्रो हुनुहुन्छ। मलाई आशा छ कि उनले छिट्टै भारत भ्रमण गर्नेछन्।"

सिंगापुरमा राष्ट्रपतिको भूमिका धेरै हदसम्म औपचारिक हुन्छ र उनलाई धेरै अधिकार दिइँदैन। यद्यपि, सिंगापुरको वित्तीय भण्डारसँग सम्बन्धित केही शक्ति निश्चित रूपमा उनीहरूको हातमा छ। राष्ट्रपतिसँग सरकारी र सार्वजनिक मामिलामा बोल्ने अधिकार धेरै सीमित छ। राष्ट्रपतिलाई कारणवश थर्मनले पिपुल्स एक्शन पार्टी छोडेमा उनले अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो छाप छोड्ने विश्वास गरे। कतिपयले उनी पछि प्रधानमन्त्री बन्ने आशा गरेका थिए । केही वर्षअघि गरिएको एक सर्वेक्षणले तत्कालीन प्रधानमन्त्री ली सिएन लुङले पदबाट राजीनामा दिएमा प्रधानमन्त्री पदका लागि थर्मन नै जनताको पहिलो रोजाइ हुने बताइएको थियो । त्जगचकबल को निर्वाचन क्षेत्र ले सामान्य चुनावमा पनि सबैभन्दा धेरै मत प्राप्त गर्यो, ली सिएन लुङ को पछि मात्र दोस्रो ।

उनको लोकप्रियताको एउटा कारण यो थियो कि प्रधानमन्त्री ली सिएन लुङले सार्वजनिक आलोचनाको सामना गर्नुपर्दा उपप्रधानमन्त्रीको रूपमा थर्मनले सार्वजनिक रूपमा आलोचकहरूको मौखिक आलोचनालाई बेवास्ता गरे। ६६ वर्षीय थर्मनले आफ्नो लागि एक सज्जन व्यक्तिको छवि सिर्जना गर्न सफल भएका छन् र अन्य राजनीतिज्ञहरू भन्दा फरक, उनले राजनीतिक बयानबाजीमा व्यक्तिगत आक्रमणमा कहिल्यै संलग्न भएनन्। उनको यो बानीलाई जनताले एक सज्जन राजनीतिज्ञको छवि मन पराए ।

धेरैले सोचेका थिए कि उनी एक पौराणिक व्यक्तित्व हुन् जो सिंगापुरको पहिलो गैर-चिनियाँ प्रधानमन्त्री उम्मेदवार बनाउन चाहेको कथा पनि सुनिएको छ । यही कारण उनले राष्ट्रपतिको उम्मेदवार बन्ने निर्णय गरेका हुन् ।

गैर-चिनियाँ मूलका नेताहरू यसअघि सिंगापुरको राष्ट्रपति भइसकेका छन्। तर, यो पदको दौडमा प्रतिस्पर्धा गरेर कसैले जितेको यो पहिलो पटक हो । उनका समर्थकहरूले अब उनको विजय प्रतिनिधित्वको विजय र नस्लवाद विरुद्धको आवाज हो भनी दाबी गर्न सक्छन्। चुनावी अभियानका क्रममा केही सामाजिक सञ्जालमा सिंगापुरमा राष्ट्रपति पदमा चिनियाँ मूलका नेता मात्र निर्वाचित हुनुपर्ने लेखिएको थियो । चुनावमा थर्मनका दुबै विरोधीहरू, आन कोक सङ र तान किन लियान, चिनियाँ मूलका थिए। एउटा महत्त्वपूर्ण कुरा के हो भने उनको विजयले पीएपीको जातियवादसँग सम्बन्धित नीतिलाई पनि अस्वीकार गरेको छ ।

सन् २०१७ को राष्ट्रपति निर्वाचनअघि सरकारले केही निर्वाचनमा अल्पसंख्यक समुदायका नेताका लागि मात्र सिट आरक्षित हुनुपर्ने कानुन बनाएको थियो । एबए ले तर्क गर्यो कि यसले मलय, भारतीय र यूरेशियन मूलका अल्पसंख्यकहरूलाई सिंगापुरमा राम्रो प्रतिनिधित्व गर्न अनुमति दिनेछ। यसपटक यी नियम लागू भएनन् र अल्पसंख्यक समुदायको नेताले आम

# कोहली र रउफबीच भेटघाटको चर्चा

**बीबीसी**

नयाँ दिल्ली । गत वर्षको टी-२० विश्वकपमा, ९० हजार भन्दा बढी दर्शकहरूले विराट कोहली र हरिस रउफबीच मेलबर्न क्रिकेट मैदानमा चलिरहेको सानो खेललाई धेरै नजिकबाट हेरिरहेका थिए, जसमा हरिसले हालसम्म अग्रता लिएका थिए ।

भारतलाई जितका लागि ८ बलमा २८ रन आवश्यक थियो र अहिलेसम्म कोहली र पाण्ड्याले हरिसको ओभरमा ठूलो शट खेल्न सकेका थिएनन् । हरिसले आफ्नो ३.४ ओभरमा मात्र २४ रन दिएर रोहित शर्मा र सूर्यकुमार यादवको दुई महत्वपूर्ण विकेट लिएका थिए ।

चार वर्षअघि सिड्नीमा कोहलीलाई नेट बलरका रूपमा बलिङ गरेका हरिस अहिले पाकिस्तानको बलिङ आक्रमणको अभिन्न अंग बनेका थिए र अन्तिम दुई बलअघि उनले फिल्डरलाई सर्ट फाइन लेग पछाडि जान सङ्केत दिएका थिए। यससँगै हरिसले अब सर्ट पिच बलिङ गर्ने पक्का भएको छ ।

मेलबर्न क्रिकेट मैदानमा छक्का प्रहार गर्न गाह्रो हुन्छ किनभने मैदानमा पिच र बाउन्ड्रीबीच करिब ९० मिटरको दूरी हुन्छ। हरिस रउफले आफ्नो सामान्य गति भन्दा कम हार्ड लेन्थ बल बोल्ड गरे तर कोहलीको प्रतिक्रिया यस्तो थियो कि शब्दमा वर्णन गर्न गाह्रो छ।

सुरुमा, ब्याट्सम्यानहरूलाई त्यो लम्बाइको बल खेल्न समस्या हुन्छ किनभने यो उनीहरूको शरीरको धेरै नजिक हुन्छ। यसलाई खेल्न सफल हुने ब्याट्सम्यानहरूले सामान्यतया पुल वा कट सट खेल्ने प्रयास गर्छन् ।

तर विराट कोहलीले कसरी मिडअफ तर्फ बल खेले र बललाई बाउन्ड्रीभन्दा बाहिर लैजाने गरी खेले' यो शट धेरै पटक हेर्दा पनि कसरी खेलेको हुन्थ्यो भन्ने बुझिएन । अर्को बलले फाइन लेग बाउन्ड्री पार गर्यो र यसरी भारत खेलमा फर्कियो। अक्सर मानिसहरूले मोहम्मद नवाजको अन्तिम ओभरलाई म्याचको टर्निङ प्वाइन्ट भन्छन्, तर हरिस रउफमा ती दुई छक्का लगाएर कोहलीले पाकिस्तानी बलरहरूमा आफ्नो डर राखेका थिए । झण्डै एक वर्षपछि शुक्रबार साँझ कोहली र हरिस रउफ फेरि आमनेसामने भए पनि यसपटक भने वातावरण मैत्रीपूर्ण थियो । पाकिस्तान क्रिकेट बोर्डले शुक्रबार राति जारी गरेको भिडियोमा कोहली र हरिस रउफबीचको भेट भएको देखाइएको छ जसमा हरिसले सुरुमा भनेका छन्, 'जहाँ म जान्छु, कोहली नै कोहली हुन् ।

तर, आज दुवै आमनेसामने हुँदा प्रतिस्पर्धा फेरि चर्को हुनेछ । यस भिडियोमा, हरिसले कठिन समयतालिका उल्लेख गर्दै, उनले विराटलाई द्दण्ज्ञढ को सुरुमा नेट बलरको रूपमा बलिङ गरेको सम्झना गर्छन्। यस बाहेक भिडियोमा पाकिस्तानी र भारतीय खेलाडीहरू मैत्रीपूर्ण वातावरणमा कुराकानी गरिरहेको पनि देखाइएको छ, जुन यस खेलमा सामान्यतया सिर्जना हुने वातावरणको बिल्कुल विपरीत छ ।

२०१८ को अन्त्यमा, पाकिस्तान सुपर लिग टोली लाहोर कलन्दर्सले आफ्नो खेलाडी विकास कार्यक्रमको भागको रूपमा अष्ट्रेलियामा आफ्ना केही बलरहरू पठायो। संयोगवश, त्यतिबेला भारतीय टोली पनि त्यहाँ उपस्थित थियो र सिड्नीमा अन्तिम टेस्ट खेल्ने तयारी गरिरहेको थियो ।

भारतीय ब्याट्सम्यानले नेट बलरलाई नेट अभ्यासका लागि अनुरोध गर्दा हरिस रउफ र सलमान इरशादले राम्रो मौका पाए । पछि हरिस रउफले पनि विराट कोहलीसँगको आफ्नो तस्विर सामाजिक सञ्जालमा पोस्ट गरेका थिए । यो समय भारत-पाकिस्तान सम्बन्ध तनावपूर्ण थियो ।

केही समयअघि जियो न्यूजको कमेडी कार्यक्रम 'हंसना मन हे' मा हरिस रउफले यो रहस्य खुलाएका थिए कि यो टेस्टपछि विराट कोहलीले उनलाई तिमीले आगामी ६ महिनामा पाकिस्तानबाट खेल्ने र 'म पाकिस्तानका लागि खेल्नेछु' भनेका थिए । अर्को ८-९ महिना।" पछि उनी पाकिस्तान क्रिकेट टोलीमा आबद्ध भए ।

शनिबार र आगामी दिनमा भारत-पाकिस्तान खेलमा हरिस र कोहलीबीचको प्रतिस्पर्धा फरक फर्म्याटमा हुने भएपनि हरिसले ती छक्का भुलेर कोहलीसँग प्रतिस्पर्धा गर्न सक्छन् कि सक्दैनन्, त्यो भने हेर्न बाँकी नै छ । भारत-पाकिस्तान खेलअघि खेलाडीले एकअर्कालाई भेट्नु नौलो कुरा होइन । दुई देशबीचको सम्बन्ध चिसिएको समयमा पनि यस्तो हुन्थ्यो । पाकिस्तानी टोलीमा खेल्ने खेलाडीहरू प्रायः विराट कोहली र रोहित शर्माका फ्यान हुन्छन् किनभने दुवैले एक दशकभन्दा बढी समयदेखि भारतीय टोलीको प्रतिनिधित्व गर्दै आएका छन् ।

### सामाजिक सञ्जालमा भिडियोको चर्चा

यही कारण यो भिडियो अहिले भारत र पाकिस्तान दुबैमा भाइरल भइरहेको छ । मानिसहरूले प्रायः दुई टोलीबीचको यो मैत्रीपूर्ण वातावरणको प्रशंसा गरिरहेका



छन्, त्यहाँ केही मानिसहरू छन् जसले पाकिस्तानी टोलीका खेलाडीहरूले खेलअघि भारतीय खेलाडीहरूसँग घुलमिल हुनु हुँदैन किनभने यसले उनीहरूको कमजोरी उजागर गर्दछ ।

अब्दुल्ला नामका एक प्रयोगकर्ताले लेखेका छन्, 'दुवै देशका खेलाडीले एकअर्कालाई हृदयदेखि सम्मान गर्छन्, यसका लागि तपाईंले उनीहरुको भिडियो बनाउनु पर्दैन । "यो भिडियो लाजमर्दो छ किनकि यसले बाध्यता महसुस गर्छ। अब यो इन्फेरियरिटी कम्प्लेक्सबाट हट्नुहोस् ।"

अर्का प्रयोगकर्ताले लेखेका छन्, 'हरिसले कोहलीलाई उसको नाममा मानिसहरूले दुर्व्यवहार गरेको कुरा बताउन के आवश्यक थियो। एक भारतीय प्रयोगकर्ताले बीसीसीआईले किन भिडियो बनाउँदैन भनेर लेखेका छन् ।

अर्का प्रयोगकर्ताले लेखेका छन्, 'भारतको कारणले गर्दा हामी हाम्रो देशमा पूरा एसिया कप आयोजना गर्नबाट वञ्चित भयौं र अहिले हाम्रा खेलाडीहरूले निकै कठिन कार्यक्रमको सामना गरिरहेका छन् र यहाँ हामी आफ्ना खेलाडीहरूसँग घुलमिल भइरहेका छौं। अर्को एक भारतीय प्रयोगकर्ताले लेखेका छन्, 'राजनीतिक कारणले पाकिस्तान र भारतबीचको कुनै पनि श्रृखला विगत एक दशकदेखि हुन नसकेको र दर्शक बञ्चित हुनु पत्याउन नसकिने कुरा हो ।

# बाह्र बालबालिकासहित छ्यत्तर जना जले

**एपी**

जोहानेसवर्ग । दक्षिण अफ्रिकाको जोहानेसवर्गको मध्यभागमा अवस्थित पाँच तले एक भवनमा आगो लाग्दा ७५ जना भन्दा बढीको जलेर ज्यान गएको छभने अन्य ८८ जना घाइते भएका छन् । शुक्रबार दुई जना घाइतेको उपचारका क्रममा अस्पतालमा मृत्यु भएसँगै ज्यान गुमाउनेको संख्या ७६ पुगेको हो ।

स्वास्थ्यमन्त्री जो पहालाका अनुसार ६२ जनाको शरीर पहिचान गर्न नसकिने गरी जलेकाले डिएनए परीक्षणका निम्ति सम्बद्ध निकायलाई निर्देशन दिइएको पत्रकारहरूलाई बताउनुभएको छ ।

स्थानीय सञ्चारमाध्यमका अनुसार २० जना विदेशी नागरिकको पनि मृत्यु भएको छ । कामको खोजीमा दक्षिणअफ्रिका आएका मलावी र ताञ्जानियाका आप्रवासीको मृत्यु भएको जनाइएको छ । प्रिटोरियास्थित ताञ्जानियाको उच्चायुक्तको कार्यालयले आफ्नो देशका पाँच जनाको जलेर ज्यान गएको पुष्टि गरेको छ । केही वर्षअघिसम्म शहरको प्रमुख आर्थिक एवं व्यापारिक केन्द्रमा रहेको उक्त भवनमा घरबारविहीन स्थानीय जबरजस्ती बसेका बताइएको छ । सरकारी स्वामित्वको उक्त भवनमा समस्या भएको सन् २०१९ देखि आफूहरूलाई जानकारी रहेको सरकारी अधिकारीहरूले स्वीकार गरेका छन् । घरबारविहीन व्यक्ति कुनै औपचारिक भाडा सम्झौता बिना नै उक्त भवनमा बसेका थिए । दक्षिण अफ्रिकाको संसद्ले घटनाको अनुसन्धान गर्न निर्देशन दिएको छ । प्रहरीले पनि आपराधिक मुद्दा दर्ताको तयारी गरेको छ । यद्यपि कुन निकायलाई विपक्षी बनाइयो भन्नेबारेमा स्पष्ट भएको छैन ।

बिहीबार घटनास्थलको भ्रमण गर्नुभएका दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाले उक्त दुर्घटना आंशिक रूपमा भवन कब्जा गर्ने र घरबारविहीनलाई त्यहाँ बस्न अनुमति दिने आपराधिक तत्वका कारण भएको बताउनुभएको छ । उहाँले महानगरको आवास समस्यालाई सम्बोधन गर्नुपर्नेमा जोड दिँदै राष्ट्रिय एवं स्थानीय सरकारलाई संवदेनशील हुन आग्रह गर्नुभएको छ ।

जोहानेसबर्गको आवास सङ्कट समाधान गर्न सरकार गम्भीर नभएको आरोप लगाउँदै जोहानेसबर्गका पूर्वप्रमुख हर्मन मशाबाले राष्ट्रपति रामाफोसाको आलोचना गर्नुभएको छ ।

# रूसी राजदूतको निमन्त्रणा रद्द गर्ने सोचमा नोबेल फाउन्डेसन

**एएफपी**

स्टकहोम । नोबेल फाउन्डेसनले यस वर्षको नोबेल पुरस्कार समारोहमा रूस र बेलारूसका राजदूतलाई आमन्त्रण गर्ने आफ्नो निर्णय फिर्ता लिन लागेको शनिबार जनाएको छ ।




सन् २०२२ मा, स्टकहोममा वार्षिक नोबेल पुरस्कार समारोह र भोजको आयोजना गर्ने नोबेल फाउन्डेसनले युक्रेनमा युद्धको कारण स्टकहोम पुरस्कार कार्यक्रममा रूसी र बेलारूसी राजदूतहरूलाई निमन्त्रणा नगर्ने निर्णय गरेको थियो । विरोध प्रदर्शनको लहरमाथि इरानी सेनाले गरेको दमनलाई लिएर उनीहरूले इरानी राजदूतका सम्बन्धमा पनि यस्तै निर्णय लिएका थिए ।

यद्यपि स्वीडेनको फाउन्डेसनले स्वीडेनमा प्रतिनिधित्व गर्ने सबै देशका राजदूतहरूलाई आमन्त्रण गर्ने आफ्नो पुरानो अभ्यासमा फर्कन लागेको बिहीबार बताएको थियो । फाउन्डेसनले शनिबार भनेको छ, "नोबेल पुरस्कारका मूल्य र सन्देशका साथ सकेसम्म व्यापक रूपमा पुग्नु महत्वपूर्ण र सही हो भन्ने मान्यतामा आधारित भएर यो निर्णय गरिएको हो ।" यद्यपि कडा प्रतिक्रियाहरूले ' यो सन्देशलाई पूर्ण रूपमा ओझेलमा पारेको' उल्लेख गरिएको छ । फाउन्डेसनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "फाउन्डेसनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "त्यसैले हामी गत वर्षको अपवादलाई नियमित अभ्यासका लागि दोहोर्‍याउन चाहन्छौं अर्थात् स्टकहोममा हुने नोबेल पुरस्कार समारोहमा रूस, बेलारूस र इरानका राजदूतलाई आमन्त्रण नगर्नेबारे छलफल भइरहेको छ ।"

यसअघि, नर्वेली नोबेल इन्स्टिच्युटले ओस्लोमा आयोजना हुने शान्ति पुरस्कार समारोहमा सबै राजदूतलाई निमन्त्रणा गर्ने गरेको पुरानो परम्परालाई निरन्तरता दिँदै फेरि पनि यस्तै हुने बताएको थियो । राजदूतहरूलाई निमन्त्रणा गर्ने अघिल्लो निर्णयबारे जानकारी गराइएको विज्ञप्तिमा भनिएको छ, "पहिलेजस्तै ओस्लोमा हुने समारोहमा सबै राजदूतलाई निमन्त्रणा गरिनेछ ।"

रूस र बेलारूसका प्रतिनिधिहरूलाई फेरि एकपटक आमन्त्रण गर्ने निर्णयले स्वीडेन र विदेशमा आक्रोश पैदा गरेकोले यसबारे सोच्न बाध्य पारेको छ । युक्रेनी विदेश मन्त्रालयका प्रवक्ता ओलेग निकोलेन्कोले फेसबुकमा लेख्नुभएको छ, "फाउन्डेसनले रूस र बेलारूसलाई एक्ल्याउने प्रयासलाई समर्थन गर्नुपर्छ किनभने लाखौं युक्रेनीहरू बिना उक्साहट युद्धबाट पीडित छन् ।

# कराँतेको बागमती अध्यक्षमा लामा

चितवन । नेपाल सितोरियो कराते सङ्घ बागमती प्रदेशको अध्यक्षमा गगन लामा चयन हुनुभएको छ । सङ्घको शनिवार यहाँ सम्पन्न प्रथम अधिवेशनले लामालाई सर्वसम्मत अध्यक्षमा चयन गरेको हो । सङ्घका अन्य पदाधिकारी तथा सदस्य नवनिर्वाचित अध्यक्षले मनोनित गर्ने व्यवस्था छ । अधिवेशनले केन्द्रीय महाधिवेशनमा प्रतिनिधित्व गर्ने सात प्रतिनिधि पनि चयन गरेको छ ।

सोमा प्रकाश मोहन धौभडेल (भक्तपुर), दीपक श्रेष्ठ (ललितपुर), ज्ञानबहादुर जिम्बा (काठमाण्डु), विजय गुरूङ (नुवाकोट), राधिका देउला (भक्तपुर), दीपक लामा (मकवानपुर) र दावा तामाङ (रसुवा) रहनुभएको छ । नेपाल सितोरियो कराँते सङ्घ केन्द्रीय अध्यक्ष दावा गुरूङको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा जिल्ला खेलकुद विकास समितिका सदस्य कल्पना पौडेल खड्का, सङ्घका केन्द्रीय उपाध्यक्ष मझिन्द्र सिंह तथा बागमती प्रदेशका १३ जिल्लाका अध्यक्ष तथा प्रतिनिधि उपस्थित हुनुहुन्थ्यो । रासस

# जेलमा रहेका खानलाई वकिलसँग भेट्न दिइएन

**एएनआई**

इस्लामावाद । पाकिस्तान तहरीक-ए-इन्साफ (पिटिआई) का प्रमुख इमरान खानका वकिलहरूलाई प्रहरीले उहाँलाई अट्टक जेलमा भेट्न अनुमति नदिएको एआरवाई न्यूजले जनाएको छ । पिटिआईका अनुसार वकिल शीराज अहमद रान्झा र गोहर अलीलाई प्रहरीले नेता खानलाई भेट्नबाट रोकेको हो ।

कानुन व्यवसायी गोहर अलीले पत्रकारहरूलाई जानकारी दिएअनुसार अदालतको आदेशको बाबजुद पूर्वप्रधानमन्त्रीसँग भेट गर्न नदिइएको हो । अदालतले नेता खान र उनका छोराहरूबीच टेलिफोनमा कुराकानी गर्न दिएको अनुमतिको पनि जेलका अधिकारीहरूले अवज्ञा गरेका उनले बताएका छन् ।

इस्लामावाद उच्च अदालतले मङ्गलबार नेता खानलाई धरौटीमा रिहा गर्न आदेश दिएको थियो तर गोप्य सरकारी दस्तावेज सार्वजनिक गरेको अभियोगमा उहाँलाई जेलबाट मुक्त गर्नुअगावै न्यायिक हिरासतमा राख्न विशेष अदालतले आदेश दिएको थियो ।

पाकिस्तानका सबैभन्दा लोकप्रिय राजनीति नेता खान गत वर्ष सत्ताबाट हटेदेखि धेरै कानुनी झमेलामा फस्नुभएको छ । उहाँविरुद्ध दुई सय वटा मुद्दा लगाइएका छन् । नेता खानले आफूलाई आगामी चुनाव लड्नबाट रोक्न गरिएको षडयन्त्रअनुरुप ती मुद्दा लगाइएको दाबी गर्नुभएको छ । औपनिवेशिक युगको गोप्य कानूनअन्तर्गत नेता खानलाई दुई हप्ता थुन्न विशेष अदालतले आदेश दिएको थियो ।



भोटेकोसी गाँउपालिकामा रहेको तातोपानी भन्सार कार्यालय। चीनको स्वाशासित क्षेत्र तिब्बतससँग जोडिएको अन्तर्राष्ट्रिय सीमामा अवस्थित उत्तरी नाकाको रुपमा तातोपानी भन्सार कार्यालय रहेको छ।
*तस्बिरः रासस*

# हवाई सेवा सञ्चालनको नयाँ मापदण्ड तयार




काठमाण्डु । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले हवाई सेवा सञ्चालन 'सर्टिफिकेट गाइडलाइन्स'को दशौं संशोधन गर्दै नयाँ मापदण्ड तयार गरेको छ। तयार पारिएको नयाँ मापदण्डअनुसार वायु सेवा सञ्चालन गर्न इच्छुक नयाँ कम्पनीसँग अब न्यूनतम तीनवटा जहाज अनिवार्य हुनुपर्ने नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का प्रवक्ता जगन्नाथ निरौलाले राससलाई जानकारी दिनुभयो। उहाँका अनुसार सबै वायुसेवा कम्पनीले पाँच वर्षभित्र जहाजको सङ्ख्या न्यूनतम पाँचवटा पुऱ्याउनु पर्नेछ भने यसो गर्न नसक्ने कम्पनी मर्जरमा गए पनि मान्य हुने प्राधिकरणको नीति छ।

वायुसेवा सञ्चालन गरिरहेका कम्पनीलाई थप जवाफदेही बनाउनुका साथै नयाँ आउने कम्पनीलाई पनि सेवा, शर्त पालना गराउनु प्राधिकरणको उद्देश्य रहेको जनाइएको छ। वायुसेवा कम्पनीका अध्यक्ष, सेयर लगानीकर्ता, कार्यकारी निर्देशक र जिम्मेवार प्राप्त म्यानेजर तथा पोष्ट होल्डरले प्राधिकरण तथा नेपाल सरकारका नीति तथा कार्यविपरीतका क्रियाकलाप सञ्चालन गर्न एवं सो सम्बन्धमा आफ्ना धारणा सार्वजनिकरूपमा व्यक्त गर्न नहुने जनाइएको छ।


यसैगरी वायुसेवा कम्पनीका जिम्मेवार म्यानेजर तथा पदमा बसेकाले कम्पनीसँग प्रत्यक्ष वा अप्रत्यक्षरूपमा स्वार्थ बाझिने प्रवृत्तिका गतिविधि एवं व्यावसायिक कार्य (जस्तै टुर एन्ड ट्राभल्स) आदिमा संलग्न हुन नपाउने, वायुसवा कम्पनीका अध्यक्ष, सेयर लगानीकर्ता, कार्याकारी निर्देशक तथा जिम्मेवार म्यानेजरले प्राधिकरणले दिने पाइलट तथा मर्मतसम्भारको तालिम लिएको भए सोको अभ्यास व्यावसायिक उडान वा मर्मतसम्भार गतिविधिमा गर्न नापउने व्यवस्था गरिएको छ। पाइलटले उडानबाहेक अन्य व्यावसायिक गतिविधिमा संलग्न रहन नपाउने जनाइएको छ।

'नो अब्जेक्सन लेटर' पाप्त गरेको न्यूनतम पाँच वर्षको अवधिसम्म सेयर लगानीकर्ताले आफ्नो सेयर बिक्री तथा हस्तान्तरण गर्न नपाउने, प्राधिकरणको स्वीकृतिबिना कुनै पनि सरकारी स्वामित्व एवं निजी वायुसेवा कम्पनीले जिम्मेवार म्यानेजर र पोष्ट हाल्डर नियुक्त गर्न नपाउने, प्राधिकरणले वायुसेवा कम्पनीको अकाउन्टटेबल म्यानेजरको नियुक्ति, आवश्यक न्यूनतम योग्यता, अनुभव तथा अख्तियारी सम्बन्धमा विशेष कार्यविधि जारी गर्ने पनि उक्त दशौं संशोधनमा उल्लेख गरिएको छ। रासस

# भारतले कच्चा पेट्रोलियम पदार्थमा घटायो कर

**एजेन्सी**

काठमाण्डु । भारतले शनिवारदेखि लागू हुने गरेर पेट्रोलियमको कच्चा पदार्थमा लाग्दै आइरहेको 'अतिरिक्त कर' कटौती गरेको छ। इकोनोमिक टाइम्सका अनुसार शनिवारदेखि लागू हुने गरेर भारत सरकारले कच्चा पदार्थको 'विन्डफल' अर्थात विशेष कर घटाएको हो।



कर कटौती भएसँगै यसअघि प्रतिमेट्रिक टन कच्चा पेट्रोलियममा लाग्दै आएको ७१ सय भारु कर घटेर ६७ सय कायम भएको छ। भारत सरकारले शुक्रबार जारी गरेको सूचनाअनुसार डिजेलको निर्यातमा लाग्ने करमा भने वृद्धि गरिएको छ। यसअघि प्रतिलिटर ५.५ भारु लाग्दै आएकोमा नयाँ व्यवस्थासँगै ६ भारु लाग्ने जनाइएको छ। वित्त मन्त्रालयले जारी गरेका सूचनाअनुसार आज (शनिबार) देखि भारतीय बजारमा हवाई इन्धनको मूल्य दोब्बरले बढेको छ। यसअघि प्रति २ भारु पर्ने हवाई इन्धनको मूल्य अब ४ भारु पर्ने इकोनोमिक टाइम्सले उल्लेख गरेको छ। भारतले गत वर्षको जुलाई १ देखि अप्रत्यासितरुपमा पेट्रोलियम पदार्थमा लाभ कर लगाएको थियो।

यससँगै भारत समेत ऊर्जा कम्पनीलाई लाभ कर लगाउने देशको सूचीमा प्रवेश गरेको थियो। भारतले सरकारले पेट्रोलिय पदार्थको कच्चा पदार्थमा लाग्दै आएको कर कटौती गरेसँगै यसबाट नेपाल समेत लाभान्वित बन्न सक्ने देखिएको छ। तर, डिजेलमा लाग्ने निर्यात कर बढ्दा भने ठूलो लाभ नमिल्ने देखिन्छ।

पछिल्लो पटक नेपाल आयल निगमले पेट्रोलको मूल्य प्रतिलिटर ४ रुपैयाँ र डिजेल/मट्टितेलको मूल्य प्रतिलिटर ३ रुपैयाँ बढाएको छ। भारतबाट आउको नयाँ सूचीअनुसार मूल्य समायोजना गर्दै निगमले एलपी ग्यासमा समेत प्रतिसिलिन्डर २३५ रुपैयाँको वृद्धि गरेको छ।

# रैथाने आलु बाली जोगाउन अनुदान

कञ्चनपुर । रैथाने आलु बाली प्रवर्द्धन गर्नका लागि कृषि ज्ञान केन्द्र कञ्चनपुरले अनुदानका कार्यक्रम सञ्चालन गरेको छ। बेदकोट र शुक्लाफाँटा नगरपालिका तथा लालझाडी गाउँपालीकामा रैथाने आलु बाली प्रवर्द्धनका लागि अनुदान कार्यक्रम सञ्चालन हुन लागेको हो।

केन्द्रले रैथाने आलु बालीको खेती गर्ने किसानलाई अनुदान उपलव्ध गराउनका लागि रू १० लाख बजेट विनियोजन गरेको जनाएको छ। बीउ, मलखाद, सिँचाइ र प्रविधिमा किसानलाई अनुदान उपलव्ध गराइने केन्द्रका निमित्त कार्यालय प्रमुख हरिदत्त जोशीले बताउनुभयो। उहाँका अनुसार किसान, किसान समूह, सहकारीमार्फत कार्यक्रम सञ्चालन गरिने भएको छ।

"छनोट भएका किसान, किसान समूह र सहकारीलाई सुदूरपश्चिम प्रदेशअन्तर्गत कृषि तथा पशुपक्षी व्यवसाय प्रवर्द्धन नियमावली अनुसार कार्यक्रम सञ्चालन गरिनेछ" जोशीले भन्नुभयो, "अनुदान परिचालन गरी तीनवटै पालिकामा पेस गरिएका प्रस्तावका आधारमा कार्यक्रम सञ्चालन हुनेछ। कार्यक्रमअन्तर्गत २५ हेक्टर क्षेत्रफलमा रैथाने आलु बालीको व्यावसायिक खेती गर्ने लक्ष्य लिइएको छ।" खानमा स्वादिलो र थोरै मेहतमै धेरै फल्ने रैथाने आलु लोपोन्मुख अवस्थमा पुगेपछि प्रवर्द्धनका लागि कार्यक्रम अगाडि बढाइएको जोशीको भनाइ थियो।रासस

# चिया तथा अलैँची अनुसन्धान केन्द्र स्थापना हुने

इलाम। चिया र अलैँचीको राजधानीको रूपमा परिचित इलाममा यसको अनुसन्धान केन्द्र स्थापना हुने भएको छ। चिया र अलैँची अध्ययन र थप विकासका लागि चिया तथा अलैँची अनुसन्धान केन्द्र स्थापना हुने भएको हो।

इलाम नगरपालिका-१ साँखेजुङमा अनुसन्धान केन्द्र स्थापना हुनेछ। राष्ट्रिय व्यावसायिक कृषि अनुसन्धान कार्यक्रमअन्तर्गत अनुसन्धान केन्द्र स्थापना हुने भएको हो। चिया र अलैँची बढी उत्पादन हुने क्षेत्रमा अनुसन्धानका लागि केन्द्र स्थापना गर्ने भएपछि जिल्लाबासीसमेत खुसी भएका छन्। जग्गा प्राप्तिसँगै कार्यालय स्थापनाको काम सुरु गर्न लागिएको छ।

यसका लागि कार्यालयको भवन निर्माणका लागि चालु आर्थिक वर्षका लागि रु दुई करोड ३८ लाख बजेट विनियोजन भइसकेको इलाम नगरपालिकाका प्रवक्ता नूतनदेव दुलालले जानकारी दिनुभयो। उहाँका अनुसार जग्गा प्राप्तसमेत भइसकेको छ। अब भौतिक निर्माणका कार्यसम्पन्न भएसँगै यहाँबाट काम सुरु हुने बताइएको छ।

अनुसन्धान केन्द्रका लागि इलाम नगरपालिका-१ स्थित साँखेजुङमा ४२ रोपनी जग्गा व्यवस्थापन गरिएको छ। कार्यालयको भवन निर्माणका लागि जग्गा सम्याउने काम भइसकेको जनाइएको छ। विनियोजित रकमबाट जग्गामा कम्पाउण्डका लागि तारबार र कार्यालय भवन निर्माण गरिने छ।

अनुसन्धान केन्द्रका लागि अब थप ५२ रोपनी जग्गा आवश्यक्ता परेको छ। जग्गादाताले अनुसन्धान केन्द्रका लागि सो जमिनसमेत उपलब्ध गराउने कार्य भइरहेको छ। आउने कात्तिक महिनासम्मको थप जग्गासमेत केन्द्रको नाममा आइसक्ने बताइएको छ। त्यसका लागि इलाम नगरपालिका-१ ले पहल गरिरहेको वडाध्यक्ष गायत्रीराम बस्नेतले



जानकारी दिनुभयो। इलाममा धेरै किसान चियामा आत्मनिर्भर छन्। उत्तिकै सङ्ख्यामा अलैँची किसानसमेत भएको जिल्लामा केन्द्र स्थापना हुने भएको हो। पछिल्लो समय चिया किसान बढे पनि अलैँची खेती गर्ने किसान कम हुँदै गएका छन्।

महँगो मूल्यमा अलैँची बिक्री भए पनि अलैँची मासिने क्रम नरोकिएकाले यसको खेती गर्ने किसानको सङ्ख्यामा कमी हुँदै गएको हो। अलैँचीको अनुसन्धानसमेत यहीँ गरिने भएपछि अब यससँग सम्बन्धित किसानको सङ्ख्या हुने र अलैँची उत्पादनसमेत वृद्धि हुने अपेक्षा किसानले लिएका छन्।

यहाँ स्थापना गरिन लागिएको यो केन्द्रले चिया र अलैँची दुवै क्षेत्रमा अनुसन्धान गर्ने जनाइएको छ। सूर्योदय नगरपालिकास्थित पान्दाममा रहेको अलैँची विकास केन्द्रले अलैँची विस्तारको काम गरिरहेको छ तर यो स्थापना हुन लागेको अनुसन्धान केन्द्रले अनुसन्धानको काम गर्ने छ। विसं १९२० मा चिया रोप्न सुरु गरिएको इलाममा भर्खरै मात्र सरकारले अनुसन्धान केन्द्र स्थापना गर्न लागेको हो। करिब एक सय ६० वर्षपछि भए पनि यो केन्द्र स्थापना हुने भएपछि यहाँका किसानमा नयाँ उत्साह थपिएको छ।

चिया किसान किशोर खतिवडाले केन्द्र स्थापनापछि बीचबीचमा चियामा लाग्ने स-साना रोगको पहिचान हुने र उत्पादन बढाउन किसानलाई सहज हुने बताउनुभयो। उहाँले चिया प्राविधिकसमेत गाउँमा नै उत्पादन गर्न सो केन्द्रले मद्दत गरेमा किसानलाई थप राहत मिल्ने बताउनुभयो।

यहाँ सामान्य चियामा उत्पादन नहुने, उत्पादन भएको चिया परम्परागत शैलीमा नै टिप्ने र प्रशोधन हुँदै आएको छ तर स्थापना गर्न लागिएको केन्द्रले चिया र अलैँचीमा नयाँ आयाम स्थापना गर्न मद्दत पुग्ने किसानको भनाइ छ।

अलैँची र चियामा लागि उत्पादनका हिसाबले इलाम महत्त्वपूर्ण र उर्वर भूमि मानिन्छ। इलाममा अनुसन्धान केन्द्र स्थापना पनि नेपाली चिया र अलैँचीको अनुसन्धान गर्न चाहनेका लागि सहज हुनेछ। स्वदेश र विदेशमा रहेका चिया अध्ययन, अवलोकन र अनुसन्धान गर्नेसमेत आउने हुँदा जिल्लामा पर्यटकको सङ्ख्यामा समेत वृद्धि हुने अपेक्षा लिइएको छ। यसले समग्र जिल्लाको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताइएको छ।

इलाममा उत्पादित चिया १० प्रतिशत नेपालमा, ७० प्रतिशत भारत र थप २० प्रतिशत तेस्रो मुलुक निर्यात हुने गरेको तथ्याङ्कमा उल्लेख छ। साथै अलैँची भारतको बाटो भएर अन्य मुलुकमा समेत जाने गरेको छ। रासस

## साताको सेयर बजार

# नेप्से परिसूचकको ओरालो यात्रा जारी

काठमाण्डु । यस साता धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचकले ओरालो यात्रा बनाएको छ। कुल चार कारोबार दिनमा तीन दिन घटेको सेयर बजार एक दिन बढेको थियो।

नेपाल स्टक एक्सचेञ्ज (नेप्से)का अनुसार सेयर बजारमा यो हप्ता चार दिनमा कुल रु चार अर्ब २४ करोड ६५ लाख २४ हजार नौ सय ३२ बराबरको कारोबार भएको छ। साताको पहिलो दिन आइतबार परिसूचक २० दशमलव ५४ अङ्कले घटेर एक हजार नौ सय ९३ दशमलव ३८ पुगेको बजारमा रु एक अर्ब २६ करोड २७ लाख ६७ हजार आठ सय ७६ मूल्य बराबरको कारोबार भएको थियो। यस दिन कुल दुई सय ८० कम्पनीका ३८ लाख ९५ हजार दुई सय ३६ इकाई सेयर कारोबार भएका थिए।

त्यस्तै कारोबारको दोस्रो दिन सोमबार परिसूचक पाँच दशमलव ०९ ले बढेर एक हजार नौ सय ९८ दशमलव ४८ पुगेको बजारमा रु ९८ करोड ८६ लाख २८ हजार पाँच सय ६२ मूल्य बराबराको कारोबार भएको थियो। यस दिन कुल दुई सय ७९ कम्पनीका ३७ लाख ७९ हजार सात सय ३१ कित्ता सेयर कारोबार भएका थिए। कारोबारको तेस्रो दिन परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको थियो। मङ्गलबार नेप्से परिसूचक पाँच दशमलव ०५ अङ्कले घटेर एक हजार नौ सय ९३ दशमलव ४२ अङ्कमा कायम भएको थियो।रासस

# उपभोक्ता जागरण अभियानले बुझायो कृषि मन्त्रीलाई ज्ञापनपत्र

**टुडे समाचारदाता**

काठमाण्डु । उपभोक्ता जागरण अभियान नेपालले कृषि तथा पशुपंक्षी मन्त्री र उद्योग तथा बाणिज्य र श्रम तथा उपभोक्ता हितसम्बन्धि संसदीय समितिका सभापतिलाई संस्थाको तर्फबाट ज्ञापनपत्र बुझाएको छ।

सो संस्थाले शनिबार ज्ञापनपत्र बुझाएको हो। ज्ञापनपत्रमा स्वास्थ्य बीमा,अस्पतालको पार्किङ ब्यवस्था, शिक्षा क्षेत्रका बिकृत्ति, स्वच्छ बजारका चुनौती, तरकारी र फलफूल तथा खाद्यान्नमा रहने विषादीको अवशेष परीक्षण गर्ने प्रयोगशाला र जागरुक उपभोक्ता र जिम्मेवार बिक्रेताअभियानलगायतकाविषयहरु



समेटिएको छ।

ज्ञापनपत्र बुझ्दै कृषि तथा पशुपंक्षी मन्त्री बेदुराम भुसालले हालै विषादीको अवशेष परीक्षण गर्ने ल्याबलाई सबै प्रदेशमा निरन्तरता दिनेगरी बजेट ब्यवस्था भएको जानकारी दिएका छन्। संसदीय समितिका सभापतिले ज्ञापनपत्रमा समेटिएका सुझाव कार्यान्वयन गर्ने शिलशिलामा छिट्टै सरोकारवालालाई राखेर छलफल गर्ने आश्वासन समेत दिएका छन्।

**जनकपुरधाम उप–महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जनकपुरधाम, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**सूचना ! सूचना !! सूचना !!!**

यस जनकपुरधाम उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जनकपुरधाम, धनुषाको मिति २०७९/०९/२४ गते प्रकाशित सूचना अनुसार विज्ञापन नम्बर ०४/२०७९(/०८० देखि १२/०७९/०८० सम्म (६/०७९/०८० बाहेक) को करार सेवा श्रेणी विहिन पदमा प्रयोगात्मक परिक्षा दिईसकेका उम्मेदवारहरुको अन्तर्वाता परिक्षा मिति २०८०/०५/१५ गते देखि संचालन हुने सूचना प्रकाशित भएकोमा विशेष कारणले गर्दा निर्देशानुसार हाललाई अन्तर्वाता परिक्षा स्थगित गरिएको छ र अर्को सूचना प्रकाशन गरि अन्तर्वाता परिक्षा मिति तोकिने व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**जनकपुरधाम उप–महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जनकपुरधाम, धनुषा**

# कानुन कार्यान्वयनका लागि सबै पक्ष जिम्मेवार हुनु पर्छ : सभामुख मण्डल



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले कानुन बनाएर मात्र नहुने भएकाले कार्यान्वयनका लागि सबै पक्ष जिम्मेवार हुनु पर्ने औंल्याएका छन् ।

यूएनडिपीको संसदसहयोग परियोजनाको सहकार्यमा जनकपुरधाममा शनिबार आयोजित एक कार्यक्रममा उनले संसदमा सांसदहरु कहिलेकाही बरालिने, मुद्दाभन्दा बाहिर जाने जोखिम भएकाले नागरिकले सचेत गराउनु पर्ने बताए ।

'कानुनहरू प्रभावकारी कार्यान्वयन गर्न नागरिकको सहभागिता जरुरी छ' उनले भने, 'सडक तातेमात्रै सदन तात्छ, त्यसका लागि जनताले पनि तताउनुपर्छ । नत्र संसद सुत्न सक्छ । सुतेको मान्छे कतैपनि पुग्दैन ।'

उनले जनताले मैले बनाएको कानुन हो भन्ने महसुस गर्न सके मात्र कार्यान्वयन हुने भएकाले त्यसका लागि मधेस प्रदेश सभाले नागरिकको सहभागितामा कानुन बनाउने प्रयास गरेको बताए ।

कतिपय कानुन निर्माण भए पनि कार्यान्वयनको अभावमा समस्या भइरहेको र संसदले आबश्यकता अनुसार भूमिका खेल्न नसकेको स्वीकार गरे । उनले बनेका कानुन कार्यान्वयनका लागि हरेक जिल्लामा कानुन व्यवसायीकोहरुसंग छलफलको तयारी भइरहेको पनि जानकारी दिए ।

एक अर्को प्रसंगमा सभामुख मण्डलले नागरिकलाई संसदका विषयमा जानकारी दिन र संसदमा नागरिकका मुद्दा लैजान आफुले पहल गर्ने बताए ।

उनले आफु यसअघि पनि चिया पसलहरुमा जाने गरेको र अब योजना बनाएर नै जनतासँग साक्षात्कार गर्ने प्रतिवद्धता जनाए ।

संसदको खुलापनका लागि नागरिकलाई संसदमा सहज पहुँचमा आफुले पहल गर्ने बताए ।

उनले विद्यालय र क्याम्पसमा विद्यार्थीलाई संसदको बारेमा जानकारी दिने गरी पढाउने तयारी गरिरहेको पनि बताए । जनतासँग प्रत्यक्ष जोडिदा जनस्तरबाट विभिन्न कोणबाट प्रश्न आउँदा हामीलाई सिर्जनात्मक हुन र अझ बढी काम गर्न उत्साह मिल्ने बताए ।

कार्यक्रममा सांसद, स्थानीय सरकारका प्रतिनीधि, नागरिक समाजका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# 'उपेन्द्र यादवलाई राजनीतिक रूपमा सिद्ध्याउन गौर घटना उचालियो'

**टुडे समाचारदाता**




काठमाण्डु । जनता समाजवादी पार्टी नेपालका कार्यकारिणी सदस्य एवं प्रवक्ता मनिष सुमनले पार्टीका अध्यक्ष उपेन्द्र यादवको राजनीति समाप्त गर्ने उद्देश्यले गौर घटनाको फाइल खोलिएको दाबी गरेका छन् ।

जसपा नेपाल निकट बौद्धिक पेसाकर्मी महासंघ नेपालले शनिबार आयोजना गरेको 'गौर राजनीतिक घटनाको यथार्थ र सरकारको भूमिका' विषयक विचार गोष्ठीमा प्रवक्ता सुमनले संघीयता र गणतन्त्रका लागि लडेका जसपाका अध्यक्ष यादवलाई विवादमा तान्न, राजनीतिक रूपमा समाप्त गर्न र विवादमा ल्याउन षड्यन्त्रपूर्वक गौर घटनालाई बाहिर ल्याइएको दाबी गरे ।

जो व्यक्ति घटनास्थलमा उपस्थित नै थिएन, ती व्यक्तिलाई पनि घटनामा मुछिएको बताउँदै उनले केही व्यक्तिलाई फँसाउन खोजेको कुरा प्रष्ट भएको बताए ।

तत्कालीन मधेशी जनअधिकार फोरमले गौर राइस मिलमा कार्यक्रम गर्ने भनेर स्थानीय प्रशासनबाट अनुमति लिएको तर माओवादीले दुई दिन अगाडि कार्यक्रमको घोषणा गरेर प्रचार प्रसारमा लागेको र स्थानीय प्रशासनसँग अनुमति पनि नलिएको उनको भनाइ थियो ।

स्थानीय प्रशासनले पटक-पटक कार्यक्रम स्थगित गर्न आग्रह गर्दा, सामूहिक छलफलका लागि बोलाउँदा पनि तत्कालीन माओवादी नेता प्रभु साह बैठकमा नआएको र जानी जानी गौर घटना गराएको उनले दाबी गरे । 'गौर घटनाको कोही दोषी छन् भने त्यो प्रभु साह हुन्, उनलाई कारबाही हुनुपर्छ,' उनले माग गरे ।

गौर घटनाको बारेमा त्यतिबेला भएका विभिन्न अध्ययन प्रतिवेदनलाई सरकारले सार्वजनिक गरे सबै कुरा स्पष्ट हुने उनले बताए ।

जसपाका केन्द्रीय सदस्य जयराम यादवले पनि यदि कुनै राजनीतिक दलको इसारामा गौर घटनालाई उठाउने काम गरिएको हो भने त्यसले माओवादी अध्यक्ष प्रचण्डलाई नै घाटा हुने चेतावनी दिए ।

जसपाका अध्यक्ष यादवलाई पूर्वाग्रही ढंगबाट फँसाउने काम भयो भने प्रचण्डलाई नै असर पर्ने बताउँदै उनले यादवको सहयोगमा पटक-पटक प्रधानमन्त्री बनेका प्रचण्ड आफ्नै कारणले समाप्त हुने जिकिर गरे ।

उनले भने, 'उपेन्द्र यादवमाथि कुनै पनि किसिमको षड्यन्त्र भयो भने त्यो राज्यका लागि पनि हानिकारक छ ।'

प्रधानमन्त्री प्रचण्डले आफ्नो सरकार जोगाउनका लागि यो षड्यन्त्र गरिरहेको दाबी गर्दै उनले जसपासँग भिड्ने दुस्साहस नगर्न चेतावनी दिए । उनले भने, 'फेरि त्यस्तै आन्दोलन नहुने भन्न सकिँदैन । बेलैमा प्रधानमन्त्री प्रचण्डलाई सचेत रहन आग्रह छ ।'

डा.विजय मिश्रले उपेन्द्र यादवलाई फँसाउने षड्यन्त्र भइरहेको बताए । उनले भने, 'उपेन्द्र यादवले राजनीतिमा जुन हाइट लिनुभएका छ, त्यसलाई समाप्त गर्नका लागि षड्यन्त्रपूर्वक यो गौर घटनालाई उचालिएको छ ।' यादव घटनास्थलमै नभए पनि जानीजानी उनलाई फँसाउने काम भइरहेको उनले दाबी गरे ।

# बेपत्ता युवकको शव फेला

**टुडे समाचारदाता**

रौतहट । नुहाउन जाँदा रौतहटको चन्द्रपुर-१ नुनथरनजिक वाग्मतीमा बेपत्ता युवकको शव फेला परेको छ । चन्द्रपुर-१ देवानटोलका २९ वर्षीय बलराम विकको शव शनिबार फेला परेको प्रहरीले जनाएको छ ।

मोरङको उर्लाबारी-२ मंगलबारेका जितेन दियालीसँगै नुहाउन गएका उनी शुक्रबार साँझदेखि बेपत्ता थिए ।

बगाएको ठाउँभन्दा झण्डै ५ सय मिटर तल दक्षिण पूर्वपश्चिम राजमार्गमा रहेको पुलछेउ शव भेटिएको इलाका प्रहरी कार्यालय चन्द्रपुरका डीएसपी एकनारायण कोइरालाले बताए ।

विक बेपत्ता भएको खबर गरेपछि प्रहरीले खोजतलास गरिरहेको थियो भने घटना अनुसन्धानका लागि दियालीलाई नियन्त्रणमा लिएको छ । विकको शव पोस्टमार्टमका लागि गौर पठाइएको छ ।

यसअघि नुनथर घुम्न आएका भारतको सीतामढी कोटबजारका २७ वर्षीय सुमन साह, ३० वर्षीय मयंक अग्रवाल र गोलु कुमार गत वर्ष भदौ ११ मा नुहाउने क्रममा बगाएर बेपत्ता भएका थिए ।

सुमनलाई स्थानीयले तत्काल‍ै उद्धार गरेका थिए भने दुई जना मृत फेला परेका थिए । झण्डै १० किलोमिटर दक्षिण वृन्दावन नगरपालिका-१ को बलेरीखोर र चन्द्रपुर-९ को सिमाना टोकार भन्ने स्थानमा मयकं र गोलुको शव भेटिएको थियो ।

# ठोरीमा बाघलाई डार्ट गरि समातियो

**टुडे समाचारदाता**



वीरगञ्ज । पर्साको सुवर्णपुर गाउँको पश्चिमतर्फ छघरेनजिक एक बाघलाई डार्ट गरी बेहोस पारेर नियन्त्रणमा लिइएको छ ।

पर्सा राष्ट्रिय निकुन्जका सहायक संरक्षण एवम् सूचना अधिकृत सूर्य खड्काले हाल उक्त बाघलाई निकुन्जको कार्यालयमा ल्याइएको बताए ।

बाघको व्यवस्थापन कहाँ गर्ने बारे टुंगो भइसकेको छैन । उक्त बाघलाई नियन्त्रणमा लिन पर्सा राष्ट्रिय निकुन्ज र चितवनस्थित राष्ट्रिय प्रकृति संरक्षण कोषको प्राविधिक टोली खटेको उनले जानकारी दिए ।

नियन्त्रणमा लिइएको बाघ पोथी रहेको छ भने उसको उमेर करिब ७/८ वर्ष अनुमान गरिएको छ । सामान्यभन्दा दुब्लोपातलो बाघको घाँटीमा चोट पनि देखिएको खड्काले बताए ।

'आहाराको खोजीमा निकुञ्ज बाहिरको एरियामा आएको हुन सक्छ । आफू बस्ने क्षेत्रमा लामो समयसम्म सिकार नपाए बाघ बाहिर निस्कन्छ,' उनले भने ।

इप्रका ठोरीका प्रहरी निरीक्षक सन्तोष राईले लामो प्रयास पछि नरभक्षी बाघलाई नियन्त्रणमा लिन सफलता मिलेको बताए ।

'बुधबारदेखि नै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी समेतको टोली निकुञ्ज प्रशासनसँगको समन्वयमा सो बाघको खोजीमा थियो,' उनले भने, 'बाघ देखा परेको क्षेत्र तथा वरपरको बाटो समेत सिल गरी त्यसको आगमनलाई निगरानी गरी शनिबार बिहानैदेखि यसलाई नियन्त्रणमा लिने प्रयास सुरु गरिएको थियो, सफलता पनि मिल्यो ।'

गाउँलेले प्रहरीलाई बताएअनुसार बुधबारदेखि नै उक्त बाघ नियमित रुपमा त्यस क्षेत्रमा आइरहेको थियो । वन्यजन्तु आवागमन थाहा पाउन राखिएको सीसीटीभी क्यामेराका फुटेजमा पनि उक्त बाघ कैद भइरहेको थियो ।

बाघलाई लोभ्याउन उसले मारेको एउटा गोरुको सिनो त्यहीँ छाडिएको थियो ।

बाघको आतंकको कारण त्रस्त गाउँलेले राहतको सास फेरेका छन् । स्थानीयले बुधबारदेखि सुवर्णपुर चोक जोड्ने मुख्य बाटोबाट आउजाउ गर्न पाएका थिएनन् । सुरक्षाकर्मीले बाघ देखा परेको क्षेत्र र उक्त सडक खण्डमा बुधबारदेखि नै आवागमनमा रोक लगाएको थियो ।

स्थानीयले आवागमन मात्र नभइ गाईवस्तु र बाख्रा चराउन समेत घरबाट बाहिर निस्कन पाएका थिएनन् ।

# बारामा जनतासँग माओवादी विशेष रूपान्तरण अभियान सुरु

**टुडे समाचारदाता**



बारा । बारा जिल्लाको विभिन्न स्थानीय तहका वडाहरुमा नेकपा माओवादी केन्द्रले शनिबारबाट जनतासँग माओवादी विशेष रूपान्तरण अभियानको शुरु गरेको छ ।

जीतपुर सिमरा उपमहानगरपालिकाको वडा नं.१६ मा नेकपा माओवादी केन्द्रको वैकल्पिक केन्द्रीय सदस्य तथा जीतपुर सिमरा उपमहानगरपालिकाको नगर प्रमुख राजन पौडेलले र कलैया उपमहानगरपालिकाको कलैयामा स्थायी कमिटी सदस्य प्रल्हाद बुढाथोकीले अभियानको उद्घाटन गरेका छन् ।

नगर प्रमुख राजन पौडेलले यो अभियानले माओवादीको तर्फबाट भइरहेको जनपक्षीय कामहरुलाई नागरिकमा सम्प्रेषण गर्दै सरकार र नागरिकबीच सम्बन्ध विस्तार गर्ने विश्वास व्यक्त गरे ।

त्यस्तै स्थायी कमिटी सदस्य बुढाथोकीले अभियानको माध्यमले जनताको कुरा सुन्ने र सरकारको तर्फबाट भएको ऐतिहासिक कार्यहरुको विषयमा जानकारी दिने अवसरको रुपमा व्याख्या गरेका थिए ।

माओवादी केन्द्रले जनतासँग माओवादी विशेष रुपान्तरण अभियानको नारा 'घरघरमा माओवादी, जन-जनमा माओवादी' राखेको छ । अभियानको क्रममा नवीकरण र विस्तारको माध्यमबाट पार्टी सदस्यता संख्या ८ लाख पुऱ्याउने लक्ष्य राखेको छ ।

प्रधानमन्त्री एवं पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले काठमाण्डुको कोटेश्वरमा रहेको पार्टी कार्यालयबाट भर्चुअल माध्यमबाट देशैभर एकैचोटी अभियानको उदघाटन गर्नु भएको छ ।

# शास्त्रार्थका लागि सच्चिदानन्द जनकपुरधाम आउने

**टुडे समाचारदाता**



जनकपुरधाम । भारतका ख्याति प्राप्त शास्त्रार्थी एवं लालासर साथरी बिकानेरका महन्त सच्चिदानन्द आचार्य महाराज जनकपुरधाम आउन लागेका छन् ।

सनातन धर्म र विभिन्न धर्मग्रन्थहरुको मर्मज्ञ आचार्यले तीन दिनसम्म जनकपुरधाम र वरिपरिका धार्मिक स्थलको भ्रमण गर्ने छन् ।

सो क्रममा उनी तीन दिन दिउँसो मारवाडी सेवा समितिको सभाहलमा प्रवचन दिने छन् ।

जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवको अध्यक्षतामा शनिवार बसेको सर्वपक्षीय बैठकले आचार्यको स्वागत लगायत भ्रमण र प्रवचनको व्यवस्थापन गर्ने निर्णय गरेको छ ।

आचार्यले सनातन धर्म लगायतका विषयहरुमा आम सहभागीहरुको जिज्ञासाको समाधान समेत प्रवचनको क्रममा बताउने जनाइएको छ । उनी भारतमा शास्त्रार्थका लागि प्रसिद्ध छन् ।

बैठकमा मनरा सिसवा नगरपालिका महोत्तरीका मेयर मोहन कुमार पाण्डेय, समाजसेवी अमरचन्द्र अनिल, नेपाल रेडक्रस सोसाइटी धनुषाका अध्यक्ष नरेशप्रसाद सिंह, युवा समाजसेवी प्रमोद चौधरी, जनकपुरधामउपमहानगरपालिकाको वडा नम्बर १६ का वडा अध्यक्ष रामचन्द्र पञ्जियार, गायत्री परिवारका अमरनाथ गुप्ता, जनकपुरधाम जानकी यातायात प्रा.लि.का अध्यक्ष मनोज कुमार चौधरी लगायतका व्यक्तिहरुको सहभागिता रहेको थियो ।

# नेशनल प्याब्सनको नयाँ नेतृत्व चयन

**टुडे समाचारदाता**

सर्लाही । राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएसन नेपाल (नेसनल प्याब्सन) सर्लाहीको नयाँ नेतृत्व चयन भएको छ ।

शनिबार लालबन्दी नगरपालिका १३ पत्थरकोटमा सम्पन्न चौंथो जिल्ला




अधिवेशनले उदयबहादुर बुढाथोकीको अध्यक्षतामा ९ सदस्यीय जिल्ला कार्य समिति चयन गरेको छ ।

समितिको उपाध्यक्षमा श्रीलाल क्यापछाकी मगर, सचिवमा रवीकुमार राय, कोषाध्यक्षमा रामआधार यादव, सदस्यहरुमा रामपुजन साह, रामप्रवेश यादव, सरोजकुमार यादव, रोशन बराईली र शिवसागर चौधरी रहेका छन् ।

# काठ चोरी तस्करीमा कमी



**टुडे समाचारदाता**

रौतहट । रौतहटको पौराई सव डिभिजन वन कार्यालय मातहतको जंगलमा पछिल्लो समय काठ चोरी तस्करीमा कमी आएको बताइएको छ ।

पौराई सव डिभिजन वन कार्यालयका प्रमुख सुरेश प्रसाद महतोका अनुसार वनबाट काँचो काठ चोरी तस्करी गर्नेहरुलाई धमाधम पक्राउ गरी कारबाहीको दायरामा ल्याउन थालेपछि काठ तस्करहरुको भागाभाग भएको छ ।

आफुले पौराई सव डिभिजन कार्यालय प्रमुखको जिम्मेवारी सम्हालेदेखि नै तस्करहरुमाथि निगरानी बढाएको कारण पछिल्लो समय चोरीको लाखौंको काठ सहित ४ वटा गाडी नियन्त्रणमा लिन सफल भएको वन अधिकृत महतोले बताए ।

केहि दिनअघि मात्रै चन्द्रपुर नगरपालिका-१ स्थितको जंगलबाट तस्करहरुले सालका काँचो रूख काटेर गाडीमा हाली लैजाँदै गरेको अवस्थामा चारवटा गाडी सहित १० लाख भन्दा बढी मुल्य बराबरको काठ नियन्त्रणमा लिइएको छ ।

हरियो वन नेपालको धन, स्वच्छ वातावरण निर्माण, वृक्षारोपन गरौ वातावरण जोगाऔ भन्ने मूल नाराका साथ कार्यालयले चन्द्रपुर नगरपालिका-१ बागमति स्थित बागमति नदीको किनारमा २८ हेक्टर क्षेत्रफल जग्गामा वृक्षरोपण समेत गरेको छ ।

खोला, नदी किनारमा विरुवा रोप्ने सरकारको नीति अनुसार उक्त नदी किनारमा खयर, सिसौं, टिक, अमला, जामुन लगाएत प्रजातिका विरुवा रोपिएको जनाइएको छ ।

बृक्षरोपण गरी जैविक विविधताको संरक्षण, साथै वातावरणीय सन्तुलन कायम गर्न योगदान पुऱ्याउ भन्ने मुल उदेश्यका साथ वृक्षारोपन गरिएको कार्यालयले जनाएको छ ।

बाढी पहिरो रोक्ने, मानिसलाई आवश्यक पर्ने अक्सिजन प्राप्त हुने, फलफूल परिपूर्ति, वातावरण संरक्षण तथा जैबिक बिबिधतामा सहयोग पुग्ने उदेश्यले बृक्षारोपण गरिएको बताइन्छ ।

सर्पको टोकाईबाट बचौं

- घर वरीपरी सफा राखौं, प्वालहरु टालौं,
- झाडी एवं खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठि लिएर हिँडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको प्रयोग गरौं,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिँड्दा टर्च लाईटको प्रयोग गरौं,
- पराल दाउरा आदी निकाल्दा होसियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८